जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पञ्चमी महोत्सव
आजको कार्यक्रम

जानकी
मटकोर
कार्यक्रम

वर्ष २७ • अंक १७५ • २०८२ साल मंसिर ८ गते सोमबार (24 November, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## चुनावी मोर्चाबन्दी

**टुडे समाचारदाता**

जनकपुरधाम। अशोक राई नेतृत्वको जसपा, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल र रेशम चौधरीको नेतृत्वको नागरिक उन्मुक्ति पार्टी नेपाल एउटै चिह्न लिएर चुनाव लड्ने सहमति गरेका छन्।

काठमाण्डुमा आइतबार बसेको तीन दलले आगामी फागुन २१ गते हुने चुनावमा एउटै चुनाव चिह्नबाट लड्ने भएको छ।

उनीहरूले आगामी निर्वाचनमा नागरिक उन्मुक्ति पार्टी नेपालको कायम रहेको चुनाव चिह्न जाँतो प्रयोग गर्ने छन्।

तीन दलबीच भएको सहमति पत्रमा भनिएको छ, 'आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको चुनावमा हामी तीन पार्टी जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल र राष्ट्रिय मुक्ति पार्टी नेपाल एकल चुनाव चिह्नमा भाग लिन सहमत भयौं, एक चुनाव चिह्नको रूपमा हाल नागरिक उन्मुक्ति पार्टी नेपालको कायम रहेको जाँतो (चकिया) चुनाव चिह्न प्रयोग गर्न सहमत भयौं।'

यसका साथै विचार मिल्ने पार्टीहरूसंग पनि एकल चुनाव चिह्नमा आउन आह्वान गरेको छ।

## सीताराम विवाहपञ्चमी महोत्सवः तिलकोत्सव मनाइयो

# आज मटकोर, मंगलबार स्वयम्बर तथा विवाह

**टुडे समाचारदाता**

जनकपुरधाम। त्रेता युगमा मार्ग शुक्ल पञ्चमीका दिन भगवान सीता र रामको विवाह भएको सम्झनामा साताव्यापी सीताराम विवाहपञ्चमी महोत्सव अन्तर्गत सीतारामको प्रतीकात्मक तिलकोत्सव विधि सम्पन्न भएको छ भने सोमबार मटकोर हुने भएको छ।

त्रेता युगमा सीता र भगवान रामको विवाह भएको संस्मरणमा जनकपुरधाममा एक सातासम्म मनाइने विवाहपञ्चमी महोत्सवअन्तर्गत चौथो दिन तिलकोत्सव मनाइएको छ। जानकी मन्दिरबाट 'भार' लिएर जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णव राम मन्दिर पुगेका थिए।

विवाह पञ्चमी कार्यक्रमअन्तर्गत तिलकोत्सवमा जानकी मन्दिरका उत्तराधिकारी महन्त दास र भारतको उत्तर प्रदेशस्थित अयोध्या दरबारको प्रतिनिधित्व गर्ने जनकपुरधामस्थित राम मन्दिरका महन्त राम गिरीले अंकमाल गर्दै सम्धी मिलान गरेका थिए। तिलकोत्सवको अवसरमा दुवै पक्षबीच हासपरिहास कार्यक्रमसमेत भएको थियो।

उक्त तिलकोत्सव कार्यक्रममा जानकी मन्दिरबाट फलफूल, मिष्ठान लिएर श्रद्धालुहरु राम मन्दिरको प्रांगणमा पुगेर तिलकोत्सव कार्यक्रममा सहभागी भएका थिए।

तिलकोत्सवमा दुलही पक्षको प्रतिनिधित्व गर्दै जानकी मन्दिरका उत्तराधिकारी महन्त दासले पाहुर 'भार' दुलहा पक्षका प्रतिनिधित्व गरेका राम मन्दिरका महन्त गिरीलाई हस्तान्तरण गरी सम्धी मिलन गरेका थिए। विवाहपञ्चमीको पाँचौ दिन सोमबार जानकी अर्थात सीताको विवाह हुनु अघि मटकोर विधि हुनेछ।

तिलकोत्सवमा जानकी मन्दिरबाट एकहजार एक भार लिएर साधुशन्त राममन्दिरमा पुगेर तिलकोत्सव मनाएको थियो।

विवाह हुनु अघि दुलही पक्षले दुलहालाई भार लिएर पुगेका थिए। त्यसपछि निधारमा तिलक लगाइ तिलकोत्सव विधि मनाइएको छ।

यस क्रममा दही चिउरा, खिर पुरी, विभिन्न परिकारका मिठाइ, फलफूल, लत्ताकपडासहित १ हजार १ भार जानकी मन्दिरबाट बाजागाजासहित साधुसन्त जनकपुरधामस्थित राम मन्दिर परिसरमा पुगेर तिलकोत्सव गरिएको छ।

भारको नेतृत्व अर्थात राजा जनकको भूमिकामा जानकी मन्दिरका उत्तराधिकारी दासले गरेका थिए।

तिलकोत्सवमा धनवट्टी पनि गर्ने गरिएको थियो। सप्ताहव्यापी विवाह पञ्चमी महोत्सवको तेस्रो दिन जनकपुरधामको ऐतिहासिक रंगभूमि अर्थात बाह्रविघा मैदानमा धनुष यज्ञ मनाइएको थियो।

सोमबार अर्थात पाँचौ दिन सीता र रामको मटकोर विधि, मुख्य दिन मंगलबार सीता र भगवान रामको विवाह तथा बुधबार रामकले वा गरी विवाह पञ्चमी महोत्सव समापन हुने छ।



## फितलो व्यवस्थापनले श्रद्धालुलाई सास्ती

**टुडे समाचारदाता**

जनकपुरधाम। सीतारामको संस्मरणमा प्रतीकात्मक रुपमा मनाइने विवाहपञ्चमी जानकी मन्दिरले प्रत्येक वर्ष मनाइँदै आएको छ। प्रत्येक वर्ष हुने सीताराम विवाह पञ्चमी महोत्सवमा दर्शन गर्न आएका श्रद्धालु भक्तजनहरुका लागि सरोकारवालले वास्ता नगर्दा यहाँको अवस्था निकै दयनीय रहने गरेको छ।

भारतको विभिन्न प्रान्तबाट र नेपालकासमेत विभिन्न स्थानबाट सीताराम विवाहपञ्चमीमा सीतारामको दर्शन गर्न श्रद्धालु भक्तजनहरु आउने क्रम जारी नै छ। जनकपुरधाममा दिनहुँ हजारौँको संख्या वृद्धि हुने क्रम जारी नै छ। जनकपुरधामका प्रायः होटेलहरु भारतसहितका विभिन्न देशका भक्तजनहरुले गर्दा भरिभराउ छन्। यस महोत्सवमा सहभागी हुन जनकपुरधाम आएका अधिकांश भक्तजनहरु भने चिसोयाममा पनि जानकी मन्दिर, राम मन्दिरलगायतको परिसरमा बास बस्न बाध्य छन्।

जनकपुरधामउपमहानगरपालिकाले भने श्रद्धालु भक्तजनका लागि कुनै पनि प्रकारको सुविधाको व्यवस्था नगरेको प्रति स्थानीयहरु चिन्तित छन्। टाढाटाढाबाट आउने भक्तजनका लागि विश्राम, खानपान, सुत्ने व्यवस्था र शौचालयको समुचित व्यवस्था नहुँदा विवाहपञ्चमी महोत्सवपछि जनकपुरधामको अवस्था निकै दयनीय हुने स्थानीय सुमितकुमार साहले गुनासो गरे।

विवाहपञ्चमी महोत्सवको क्रममा अहिले देखि नै राम मन्दिरदेखि जानकी मन्दिर, जनक मन्दिर क्षेत्रमा सडकपेटीदेखि सडकसम्मै पसल थापिएको छ भने मगन्तेहरुको पनि त्यतिकै भीड बढ्नाले बजारमा सवारी दुर्घटनादेखि चोरी लुटपाटको पनि त्यत्तिकै डर रहेको विजय कुमार साह बताउँछन्। महोत्सवको क्रममा विभिन्न स्थानीय क्लब तथा संघसंस्थाले स्वास्थ्य शिविर सञ्चालन, केही भक्तजनका लागि नास्ताको प्रबन्ध गरे पनि शौचालयको समुचित व्यवस्था नहुँदा जनकपुरधाम दुर्गन्धित हुने र यसले विभिन्न रोगव्याधी निम्तिने हुनाले यसतर्फ जनकपुरधाम उपमहानगर गम्भीर हुनुपर्ने नागरिक समाजका अगुवाहरु बताउँछन्।

यसैबीच विवाहपञ्चमी महोत्सवबारे जानकी मन्दिरका उत्तराधिकारी महन्त दाससंग मुख्यमन्त्री सरोजकुमार यादवले चासो व्यक्त गरेका छन्।

विवाहपञ्चमी महोत्सवलाई व्यवस्थित, सुरक्षित र भक्तजनमैत्री बनाउने उद्देश्यले श्रद्धालु भक्तजनहरुको भीड व्यवस्थापन, सुरक्षाकर्मी परिचालन, सरसफाइ, यातायात तथा परिक्रमा मार्गको पूर्वाधार सुधारबारे छलफल भएको जनाइएको छ।

# फुट्यो जसपा, नेकपामा सामेल हुने

**टुडे समाचारदाता**

काठमाण्डु। अशोक राईनेतृत्वको जनता समाजवादी पार्टी (जसपा) का ६ जना नेता नेपाली कम्यूनिस्ट पार्टीमा सामेल हुने भएका छन्।

जसपा संघीय परिषद्का अध्यक्ष राजेन्द्र श्रेष्ठ, उपाध्यक्षद्वय रणध्वज लिम्बु (कन्दङ्वा) र परशुराम बस्नेत लगायतका नेता नेपाली कम्युनिस्ट पार्टीमा समाहित हुने भएका छन्।



अशोक राईले जसपाको केन्द्रीय समितिको बैठक नडाकेपछि पार्टी छाडेको जानकारी गराउँदै नेकपामा समाहित हुने भएका छन्।

त्यस्तै नेपाली कम्यूनिस्ट पार्टीमा समाहित हुने सहमति गर्नेमा जसपा केन्द्रीय सल्लाहाकार समितिका सदस्य दुर्गामणि देवान, केन्द्रीय विज्ञ परिषद् अध्यक्ष डा. पुष्पराज राजकर्णिकार, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कृष्णबहादुर घजु रहेका छन्।

जेन- जी आन्दोलनपछि जसपामा नीति, सिद्धान्त तथा माग मुद्दाहरू मिल्ने राजनीतिक दलसंग एकीकरण, मोर्चा, तालमेल गर्ने निर्णय केन्द्रीय कार्यकारिणी समितिलाई दिइएकोमा बैठक नै नबोलाएर अनिर्णित बनाइएको भन्दै संघीय परिषद्का अध्यक्ष श्रेष्ठसहित ६ जना नेताले हस्ताक्षर गरेको जानकारी पत्रमा जनाइएको छ।

उक्त जानकारी पत्रमा भनिएको छ, 'दिनानुदिन काम गर्नुपर्ने कार्यकारिणीको स्थगित बैठक हालसम्म नडाकिएको हुँदा चालु केन्द्रीय कार्यकारिणी समितिको बैठकको कार्यसूची नं.१(ख) को कार्यसूचीलाई टुंगोमा नपुऱ्याएकोमा असहमत रहँदै जेन-जी आन्दोलनपछि विकसित नयाँ परिस्थितिमा २०६२/०६३ सालको जनआन्दोलनबाट प्राप्त उपलब्धिहरूसमेतखतरामापर्नसक्ने भएकाले विचारमा सामिप्यता रहेको अग्रगामी परिवर्तनका पक्षधर राजनीतिक शक्तिसंग मिलेर उपलब्धिहरुको रक्षा र थप उपलब्धि प्राप्तिका लागि संघर्ष गर्नु पर्दछ भन्ने हाम्रो धारणा रहेको छ।'

सोही निर्णय अनुसार केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरू जनता समाजवादी पार्टीको आ-आफ्नो पदीय जिम्मेवारीबाट अलग हुँदै नेपाली कम्यूनिस्ट पार्टीसंग एकीकरण, ध्रुवीकरणको दिशामा अगाडि बढ्ने निर्णय गरिएको ६ जना नेताद्वारा हस्ताक्षरित पत्रमा उल्लेख गरिएको छ।

जसपा नेपालबाट अलग भएर अशोक राई नेतृत्वमा गठन गरिएको जसपा करिब डेढ वर्षपछि फुटेको छ।

यता जसपाका नेता मोहम्मद इस्तियाक राईले बहुमत पुऱ्याउन नसकेपछि राजेन्द्र श्रेष्ठहरू पार्टी छोडेर गएको टिप्पणी गरेका छन्।






# सिरहामा थपिए ११ हजार ४३७ मतदाता



सिरहा । सिरहामा ११ हजार ४३७ नयाँ मतदाता थपिएका छन् । पछिल्लो पटक तोकिएको मतदाता नामावली दर्ता गर्ने अन्तिम दिन शुक्रबारसम्ममा सो संख्यामा मतदाता थपिएका हुन् ।

सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्नेगरी समय निर्धारण गरेपछि गत असोज दोस्रो सातादेखि फोटोसहितको मतदाता नामावली दर्ता गर्न सुरु गरिएको थियो । जिल्ला निर्वाचन कार्यालयका निमित्त प्रमुख गणपैत यादवका अनुसार जिल्ला निर्वाचन कार्यालयबाट नौ हजार १३७ र राष्ट्रिय परिचयपत्रको माध्यमबाट दुई हजार २९० जनाले नाम दर्ता गराएका हुन् । यो सहित अब जिल्लामा मतदाताको संख्या चार लाख ४३ हजार ४० पुगेको छ ।

पछिल्लो मतदाता नामावलीमा नाम दर्ता भएकामध्ये आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न योग्य मतदाताको विवरण छुट्याउनलाई भने केही समय लाग्ने निमित्त प्रमुख यादवले बताउनुभयो ।रासस

# महिलाहरुले मनाए रवि पर्व

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाञ्चल क्षेत्रमा महिलाहरूले आइतवार परम्परागत आइतवारे (रवि) पर्व विधिपूर्वक मनाएको छ ।

स्वास्थ्य, परिवारको सुख-शान्ति र समृद्धिको कामनासहित मनाइने यस पर्वमा बिहानैदेखि महिलाहरू नदीनाला, पोखरी तथा घरमै स्नान-ध्यान गरि सूर्यदेवको सन्तान-रक्षा तथा घरको उज्यालो भविष्यको कामना पुरा हुने विश्वास राख्दै आएका छन् ।

यो पर्वमा महिलाहरुले आइतवारका दिन नूनरहित खाद्यय सामाग्री खाने गर्छिन । त्यसको एक दिनअघि मरुवामाछ र लसुन प्याजको परिकार खादैन । पर्वका दिन सख्खरबाट बनेका खिर र ठकुवा, केरा, स्वाउ सहितका



पूजापाठ गरी रवि पर्व मनाएका छन् । जनकपुरधाममा पनि महिलाहरुले गंगासागर, धनुष सागर लगायतका पोखरीहरुमा नुहाई धुवाई सुर्यदेवलाई अर्घ दिई रवि पर्व मनाएको छ ।

व्रत तथा पूजा-अर्चनाबाट चिनिने आइतवारे पर्व मिथिला समाजमा महिलामूलक धार्मिक परम्परामध्ये एक महत्त्वपूर्ण पर्व मानिन्छ । स्थानीय महिलाहरूले लगातार आइतबार पालना गरिने यो व्रतले परिवारमा कूल-समृद्धि, प्रसाद सामाग्री खाने गर्छिन ।

पर्वअनुसार महिलाहरूले सूर्योदयको बेला सूर्यदेवलाई जल, फूल, अक्षता तथा दीप अर्पण गरेका थिए । कतिपय स्थानमा महालक्ष्मी तथा अन्नपूर्णा माताको पूजा-अर्चना पनि गरियो । व्रतकथाको सामूहिक श्रवण, दान-पुण्य तथा फलाहार गरेर दिनभर उपवास बस्ने परम्पराले आज विभिन्न गाउँ-बस्तीमा धार्मिक वातावरण भनै सन्चो बनाएको थियो ।

# रामजानकी विवाह महोत्सवको 'मटकोर'को तयारी

महोत्तरी । मधेशको प्राचीन मिथिला क्षेत्रमा मनाइने साताव्यापी रामजानकी विवाह महोत्सव सुरु भएसँगै महोत्तरीको मटिहानीमा 'मटकोर'को तयारी थालिएको छ । जनकपुरधाममा साताव्यापी महोत्सव बिहीबार सुरु भएसँगै विवाहपञ्चमीको एक दिनअघि गरिने 'मटकोर' विधिको तयारी मटिहानीस्थित लक्ष्मीनारायण मठले थालेको हो । यसपालि मङ्सिर शुक्ल पञ्चमीका दिन मनाइने विवाहपञ्चमी आउने मङ्गलबार परेको छभने 'मटकोर' एक दिन पहिले सोमबार सम्पन्न गरिनेछ । सातदिने महोत्सवमा नगर दर्शन, फूलबारी लीला र धनुषयज्ञ क्रमशः बिहीबार, शुक्रबार र शनिबार सम्पन्न भएका छन् ।



मटिहानीस्थित लक्ष्मीनारायण मठ मुलुककै नायक मठ मानिन्छ । त्रेतायुगमा अयोध्याका राजकुमार मर्यादा पुरुषोत्तम श्रीराम र मिथिला नरेश जनककी पुत्री सीताको विवाह जनकपुरमा गरिँदा यज्ञवेदी बनाउन मटिहानीबाट माटो खनिएको विश्वास गरिन्छ । यसै विश्वासले मटिहानीमा विवाहको एक दिन पहिले गरिने 'मटकोर' उत्सव मनाइँदै आइएको लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णव बताउनुहुन्छ ।

"मटिहानीमा रामजानकी विवाह महोत्सवको 'मटकोर' उत्सव मनाइने चलन छ, यसअनुसार हामी त्यसको तयारीमा छौँ", डा वैष्णव भन्नुहुन्छ, "यसमा मटिहानी नगरवासी र नेपाल-भारतका सन्तहरू सम्मिलित हुँदै आएका छन् ।" मटकोर विधिमा विवाहको एक दिनपूर्व पवित्र ठाउँको माटो खनेर वेदी, मण्डप, घडा, चुल्हो र देवीदेवताका प्रतिमा लेपन गरिने चलन छ । माटो खन्न जाँदा बाजागाजासहित महिला जाने गर्छन् । यसरी माटो खन्न जाने बेला महिलाले धानको भुस, चामल, बेसार, दही, फूल, पानको पात, सुपारी र अक्षतासहितका पूजा सामग्रीले भूमि पूजन गर्ने चलन छ ।

भूमि पूजनको भाव भने पृथ्वीसँग माटो खन्ने अनुमतिका लागिको प्रार्थना भएको राजकीय संस्कृत मावि मटिहानीका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झा बताउनुहुन्छ। यसरी खनेर ल्याइएको माटोले विवाह मण्डप, वेदी, चुल्हो बनाउनसँगै देवदेवीस्थल लिपपोत गरिन्छ । मिथिलामा यी सबै विधिमा माङ्गलिक गीत गाइन्छन् । त्रेतायुगमा श्रीराम र सीताजीको विवाहमा हालको मटिहानी-७ स्थित लक्ष्मीसागर तलाउबाट यज्ञवेदी बनाइन माटो खनिएको विश्वास गरिन्छ ।

मटिहानीमा 'मटकोर' उत्सवसँगै विवाह उत्सवमा सरिक हुन आउने भारतीय साधुसन्तको स्वागत, भोजन र आवास प्रबन्ध गरिन्छ । यहाँ भोलिपल्टको जनकपुरमा सम्पन्न हुने विवाह महोत्सवमा सरिक हुन भारतका विभिन्न प्रान्तबाट आउने साधुसन्त मटिहानी बस्ने पुरानो चलन छ ।

श्रीराम र सीताका बीच विवाह भएको सम्झनामा मनाइने यो महोत्सवमा पहिलो दिन 'नगर दर्शन' उत्सवको परम्परा छ । यो उत्सव श्रीराम, गुरु विश्वामित्र र भाइ लक्ष्मणका साथ जनकपुर आइपुग्नुभएको सम्झनामा मनाइने गरिएको हो । यस दिन श्रीराम र लक्ष्मणले राजा जनकको दरबार परिसर र जनकपुर नगर अवलोकन गर्नुभएको सम्झनामा प्रतीकात्मक रूपमा मनाइन्छ । यस क्रममा श्रीराम, लक्ष्मण र गुरु विश्वामित्रको भूमिकामा सजिएका पात्रहरूलाई राजा जनकका भारदारहरूले नगरको अवलोकन गराउँछन् ।

महोत्सव सुरु भएसँगै सम्पूर्ण मिथिलाक्षेत्र उत्सवमय बन्दछ । खासगरी अयोध्या र भारतका विभिन्न प्रान्तबाट आउने साधुसन्तको नेपाल प्रवेशद्वार महोत्तरीको जलेश्वरको भिठ्ठामोर र मटिहानी हुने हुँदा यहाँ यसको तयारी विशेष रूपमा गरिन्छ । भारततिरबाट महोत्सवका लागि साधुसन्त आउने क्रम मङ्सिर शुक्लपक्षको प्रारम्भसँगै सुरु भए पनि अधिकांश विवाहपञ्चमीको एक दिनअघि आउने चलन छ ।

भारतबाट आउने साधुसन्त विवाहको एक दिनअघि मटिहानी बास बसेर भोलिपल्ट अर्थात् विवाहपञ्चमीका दिन जलेश्वर स्थित जलेश्वरनाथ महादेवको दर्शन गर्दै महोत्तरीकै पिपरामा दिवा भोजन र केहीबेरको विश्राम गरेर जनकपुर रङ्गभूमिमा आयोजना हुने स्वयम्वर र रामजानकी विवाहमण्डपमा आयोजना हुने विवाह महोत्सवमा सरिक हुन पुग्ने गर्छन् ।

रामजानकी विवाहको साताव्यापी महोत्सवमा पहिलो दिन जनकपुरमा नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तीलकोत्सव, पाँचौँ दिन मटकोर, छैटौँ दिन स्वयम्वर तथा विवाह र अन्तिम सातौँ दिन रामकलेवा विधिको परम्परा छ ।

यी उत्सवको पहिलो दिन नगर दर्शनमा श्रीराम, लक्ष्मण र गुरु विश्वामित्र जनकपुर आइपुग्नु भएर उहाँहरूलाई नगर अवलोकन गराइएको, दोस्रो दिन फूलबारी लीलामा सीताजी फूल टिप्न सखीहरूका साथ फूलबारी पुग्दा श्रीरामसँग आमनेसामने देखादेख भएको, तेस्रो दिन धनुष यज्ञमा श्रीरामले शिवजीको धनुष भङ्ग गर्नुभएको, चौथो दिन श्रीरामले धनुष भाँचेपछि सीतासँग विवाहको टुङ्गो गरेर अठोट लागेपछि कन्यापक्षले वरपूजन गर्ने परम्पराको तीलकोत्सव प्रतीकात्मक रूपमा मनाइन्छ । त्यसैगरी, पाँचौँ दिनको स्वयम्वर तथा विवाहमा रङ्गभूमि मैदानमा स्वयम्वर र विवाह मण्डपमा विवाह विधि र सातौँ दिन अयोध्याका जन्ती बिदाइको 'रामकलेवा' विधि प्रतीकात्मक रूपमा सम्पन्न गरिन्छन् ।

रामजानकी विवाह महोत्सवको मेला हेर्न सम्पूर्ण मिथिलाक्षेत्रमै केही दिन पहिलेदेखि तयारी गरिन्छ । यो सांस्कृतिक महोत्सव मिथिलाको विशिष्ट परम्परा रहेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस)का प्राचार्य हेमनारायण कर्ण बताउनुहुन्छ ।रासस

# समाज कल्याण परिषद्का अब्बल सदस्य-सचिव भट्टले फेरिदिए संस्थाकै परिचय

**टुडे समाचारदाता**

काठमाण्डु । चार वर्ष अघिसम्म समाज कल्याण परिषद् भन्ने वित्तिकै जनमानसमा प्रश्न उठ्ने गर्थ्यो, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी नियमन गर्ने जिम्मेवारी पाएको यो महत्वपूर्ण संस्था किन लथालिंग छ, यसमा किन सुधार हुन सकेन, संस्थामा धैरै नेतृत्व आउने जाने भयो तर संस्था उस्तै अवस्थामा रह्यो । तर विगत चार वर्ष यता हेर्ने हो भने समाज कल्याण परिषद्ले पनि काचुली फेरेको छ । संस्थामा एकाएक सुधार भएको छ । सहि नेतृत्व र क्षमता भएका युवा नेतृत्व गयो भने संस्थामा परिवर्तन आउदो रहेछ । संस्थाको सदस्य सचिवको रुपमा मनोज भट्ट आएपछि धेरै सुधार भएका छन् ।

समाज कल्याण परिषद्का सदस्य-सचिव भट्टले २०७८ मंसिर ९ देखि २०८२ मंसिरसम्मको चार वर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न गरिसकेका छन् । यस अवधिमा परिषद्ले गैरसरकारी संस्थाको भूमिका सुदृढ गर्दै सुशासन, पारदर्शिता र प्रभावकारी वैदेशिक सहायता व्यवस्थापनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ ।

विगत चार वर्षमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थामार्फत विभिन्न क्षेत्रहरुमा रकम परिचालित भएको छ, जसले स्वास्थ्य, शिक्षा, विपद् व्यवस्थापन, व्यवस्थापन, जलबायु परिवर्तन, जीविकोपार्जन, बाल संरक्षण र वातावरणजस्ता क्षेत्रका कार्यक्रमलाई सघाएको छ ।

भट्टको कार्यकाल सकिएपछि पनि उनी जस्तै नेतृत्व संस्थामा आउनु पर्छ भन्ने धैरैको माग रहेको छ । लामो समयदेखि लथालिंग परेको समाज कल्याण परिषदलाई विगत ४ वर्षमा ट्र्याकमा ल्याउने काम गरेका सदस्य-सचिव भट्टको जिम्मेवारी सहज भने पक्कै थिएन । तर उनले हार खाएनन् र नेपालको एउटा पुरानो र महत्वपूर्ण संस्थालाई ट्र्याकमा ल्याउने काम गर्न सफल भए । अब उनले कोरेको बाटोलाई थप चार वर्ष अगाडि बढाउन सके समाज कल्याण परिषद देशकै एउटा अब्बल संस्थाको रुपमा चिनिन्थ्यो ।

उनले समाज कल्याण परिषद्मा सुशासन, नियमन र पारदर्शितालाई प्राथमिकता दिएर काम गरेका थिए । साथै, उनले परिषद्लाई डिजिटलतर्फ लानको लागि पनि काम अघि बढाएका थिए ।

यस अवधिमा परिषद्ले गैरसरकारी संस्थाको भूमिका सुदृढ गर्दै सुशासन, पारदर्शिता र प्रभावकारी वैदेशिक सहायता व्यवस्थापनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ ।

विगत चार वर्षमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थामार्फत महत्वपूर्ण क्षैत्रमा रकम परिचालित भएको छ । जसले स्वास्थ्य, शिक्षा, विपद् व्यवस्थापन, जीविकोपार्जन, बाल संरक्षण र वातावरणजस्ता क्षेत्रका कार्यक्रमलाई सघाएको छ ।

भट्ट कार्यकालमा पहिलोपटक ओएन्डएम सर्वे सम्पन्न भएको, एएमएल-सीएफटी (गैरनाफामूलक संस्थाहरुका लागि सम्पत्ति शुद्धिकरण तथा आतंककारी कार्य तथा आम विनासका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तिय लगानी निवारण सम्वन्धी) निर्देशिका २०८१ तयार पारिएको छ । साथै, गैरसरकारी संस्था नियमन एकद्वार प्रणालीमार्फत व्यवस्थित गर्ने प्रक्रियालाई संस्थागत गरिएको छ ।

डोटी, जाजरकोट, बझाङलगायतका प्राकृतिक प्रकोपमा गैरसरकारी संस्थालाई समन्वय गरी तत्काल परिचालनमा भट्टले मुख्य भूमिका लेखेको थिए । उनले भृकुटीमण्डपको इ-बिडिङ प्रक्रिया सुरु भएसगै परिषद्को आन्तरिक राजस्व ५ करोडबाट २० करोडसम्म पुगेको थियो ।

आगामी वर्षहरूमा वैदेशिक सहायता परिचालनबाट वार्षिक ५० अर्ब रुपैयाँ लगानी सहज बनाउने, ५० हजार रोजगारी सिर्जना गर्ने तथा डिजिटल माध्यमबाट अनुदान व्यवस्थापन थप पारदर्शी बनाउने लक्ष्य भट्टको रहेको छ ।

अन्तरिम सरकारले भट्टलाई थप एक कार्यकाल जिम्मेवारी दिएमा संस्था र देशकै लागि फाइदा हुने समाज कल्याण परिषदका एक कर्मचारीले प्रष्ट पारे । 'नेपालमा मनोजजी जस्तो युवा र प्राविधिक दक्षता भएको बलियो नेतृत्वकर्ता फेरि परिषद्मा आएमा यो संस्थाले अझै ठूलो उचाई लिन्थ्यो,' उनले प्रष्ट पारे ।

# विद्यालयको सम्पत्ति अवैध भाडामा लगाएको आरोपमा नौ जनाविरुद्ध मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कास्कीस्थित राष्ट्रिय माध्यमिक विद्यालयको सार्वजनिक सम्पत्ति निजी बोर्डिङ स्कुललाई अवैध रूपमा भाडामा दिई दुरुपयोग गरेको आरोपमा आइतबार नौ जनाविरुद्ध विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ ।

आयोगका प्रवक्ता राजेद्रकुमार पौडेलका अनुसार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणा, समितिका पदेन सदस्य पोखरा महानगरपालिका-१ का वडाअध्यक्ष शाहारा प्रधानसहित पाँच सदस्यले अञ्जुली आवासीय माध्यमिक विद्यालयलाई सार्वजनिक सम्पत्ति १२ वर्षका लागि अवैध रूपमा भाडामा दिने निर्णय गरेका आरेप छ । उक्त कार्यमा बोर्डिङ स्कुलका सञ्चालक राजु केसी र प्रिन्सिपल सुनिता कुँवर केसी पनि संलग्न रहेको आयोगको ठहर छ ।

विद्यालय व्यवस्थापन समितिले स्थलगत अध्ययन प्रतिवेदनमार्फत पहिलोपटक ३० वर्षका लागि भाडामा दिन सिफारिस गरेको तथा विसं २०८० फागुन २६ गते सदस्यसचिवको अनुपस्थितिमा बसेको बैठकबाट १२ वर्षका लागि भाडामा दिने निर्णय गरिएको आयोगले जनाएको छ । सोही आधारमा त्यही वर्ष फागुन २९ गते दुवै पक्षबीच सम्झौता भई चैत १ गतेदेखि लागू गरिएको थियो ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको प्रतिवेदन र वडा नं १ का वडाध्यक्षले करार खारेज गर्न दिएको निर्देशनले पनि सम्झौता कानुन विपरीत रहेको पुष्टि भएको आयोगले जनाएको छ । सम्झौताअनुरूप विद्यालयको नाम-छाप प्रयोग गरी अञ्जुली आवासीय माध्यमिक विद्यालयबाट रु १५ लाख २९ हजार ४०८ सङ्कलन गरी सार्वजनिक सम्पत्ति दुरुपयोग गरिएकाले सोही बराबरको बिगोसहित कारबाही माग गर्दै आरोपपत्र दायर गरिएको प्रवक्ता पौडेलले जानकारी दिनुभयो ।

आयोगले विद्यालय व्यवस्थापन समितिलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा गलत प्रतिवेदन उपलब्ध गराएको अभियोगमा दफा १९(२) बमोजिम सजाय मागदाबी गरेको छ । यस्तै, बोर्डिङ स्कुलका सञ्चालक तथा प्रिन्सिपललाई अवैध लाभ लिएकाले मतियारका रूपमा दफा २२ बमोजिम सजाय माग गरिएको छ ।रासस

# बुवाको हत्या गर्ने पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । बुवाको हत्या गरी फरार रहेका छोरा अजय कुमार ठाकुर करीब तीन महिनापछि पक्राउ परेका छन् ।

जिल्लाको महोत्तरी गाउँपालिका ३ मा गएको भदौ २४ गते भएको पारिवारिक विवादका क्रममा बुवा जोगेन्द्र ठाकुरलाई हतियार प्रहार गरी हत्या गरेर अजय फरार भएका थिए । फरार अजयलाई प्रहरीले करीब तीन महिनापछि पक्राउ गरेको छ ।

अजय ठाकुरलाई जलेश्वर नगरपालिका-१२ मा लुकिछिपी बसेको अवस्थामा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले एक विज्ञप्ति जारी गरी जनाएको छ ।

घटनापछि उनी फरार रहेका कारण प्रहरीले लामो समयदेखि खोजी तथा निगरानी गर्दै आएको थियो । प्रहरीका अनुसार भदौ २४ गते घरभित्रै उत्पन्न विवाद छोराहरूबीच विवाद हुँदा अजयले बुवा जोगेन्द्रमाथि हतियार प्रहार गरेका थिए । घटनामा गम्भीर घाइते भएका जोगेन्द्रको तत्कालै मृत्यु भएको थियो ।

घटना पछि अजय फरार भएपछि उनको ठेगाना, सम्भावित बसाइ र आवतजावतको गतिविधि निरन्तर ट्र्याक गर्न प्रहरीले आफ्नो सक्रियता बढाउदै आएकोमा ट्र्याककै आधारमा प्रहरीले अजयलाई पक्राउ गरी आवश्यक कानुनी प्रक्रिया अघि बढाएको प्रहरी प्रवक्ता शैलेन्द्र कुमार भट्टले जानकारी दिएका छन् ।



ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | धन सम्पत्ति आर्जन हुनेछ । साथीभाइबाट सहयोग मिल्नेछ । |
| वृष : | मिहरु टाढिने भएकाले व्यवहार गर्दा सचेत हुनुपर्ने देखिन्छ । |
| मिथुन : | शिक्षामा गरेको श्रमको मुल्य उठ्नेछ । कुनै कामलाई निरन्तरता दिनु भलो हुनेछ। |
| कर्कट : | शिक्षा क्षेत्रमा राम्रो प्रगति हुने देखिन्छ। प्रेममा सफलता मिल्ने देखिन्छ । |
| सिंह : | योजनामा बाधा अवरोध देखिन्छन् । दाम्पत्य जीवन संघर्षपूर्ण हुनेछ । |
| कन्या : | साथीबाट सहयोग मिल्नेछ । |
| तुला : | शिक्षामा गरेको लगानीबाट उन्नति हुने देखिन्छ। सोचेर मात्र बोल्नु राम्रो हुन्छ। |
| वृश्चिक : | रोगलाई प्रतिवाद गर्न खानपानमा विशेष ख्याल गर्नुहोला । |
| धनु : | आफूले गरेको संघर्षबाट आफन्तले लाभ लिनसक्छन् । |
| मकर : | अनावश्यक खर्च बढ्नसक्छ । |
| कुम्भ: | खुट्टा तान्नेहरु सक्रिय रहेकाले काम गर्दा विवेक प्रयोग गर्नुपर्ने देखिन्छ । |
| मीन : | विदेशमा भन्दा स्वदेशमा गरेको लगानीले राम्रो फाइदा मिल्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मधेशमा एमालेको बलपेलीले जनाधार गुमाउँदै

## (सत्ता कब्जाको रणनीति देखि मुख्यमन्त्री निवास प्रवेससम्मको सविस्तार)



**प्रमोद कुमार साह**

जनकपुरधाम । नेपालमा एउटा पुरानो भनाइ छ "न्याय नपाए गोरखा जानु ।"त्यस्तै, अहिले मधेशमा पनि अर्को नयाँ भनाइ तीव्र रूपमा प्रचलनमा आउन थालेको छ "नेताहरूको नौटंकी हेर्नु छ भने मधेश जानु ।"

निर्वतमान मुख्यमन्त्री जितेन्द्र सोनलले मधेश प्रदेशसभामा पदबाट राजीनामा दिएपछि सुरु भएको राजनीतिक उथलपुथलले प्रदेशलाई एकदमै अस्थिर बनाइदिएको छ। उनको राजीनामासँगै मधेश राजनीतिमा चलिरहेका नेताहरूका नाटक, शक्ति-प्रयोग, दलीय सौदाबाजी र अनपेक्षित मोड हरूले अहिले पूरा प्रदेशलाई गिज्याएरै छाडेका छन्। राजनीतिका नाममा प्रदर्शन, शक्ति देखाउने होड र संवैधानिकता-विपरीत क्रियाकलापहरूले सर्वसाधारणको आक्रोश भनै बढाएको छ। राजनीतिक व्यक्तित्वहरूको यही नौटंकीले आज मधेश प्रदेश गम्भीर राजनीतिक हास्य-रियोगको मंच जस्तै बनेको छ।

मुख्य नाटकको सुरुवात कार्तिक २२ गतेदेखि नै भएको देखिन्छ । त्यो दिन, तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिने कार्यसूची रहेको प्रदेशसभा बैठक दलहरूसँग छलफलका लागि आधा घण्टाका लागि रोकिन पुगेको थियो । तर विश्वासको मत लिनुपर्ने प्रमुख पात्र मुख्यमन्त्री स्वयं सभामा प्रवेश गर्न नपाउँदै, एमालेबाट सिफारिस भएका सभामुख रामचन्द्र मण्डलले हतार-हतार हाउस सञ्चालन गर्दै मत विभाजनको प्रक्रिया सुरु गरिदिए । मत विभाजन सुरु भएको सूचना पाएसँगै क्रोधित हुँदै सभामा पुगेका मुख्यमन्त्री सोनलले तत्क्षण राजीनामा घोषणा गरे ।

त्यस क्षणमा सभामुखको कार्यशैलीले गर्दा पूरा घटनाक्रम पहिल्यै योजनाबद्ध ('प्रि-प्लान') भएको जस्तो शंका उत्पन्न हुनु स्वाभाविक थियो । राजीनामा दिएपछि सभामुख मण्डलले "मुख्यमन्त्रीले राजीनामा देएकाले विश्वासको मत प्रक्रिया आवश्यक रहँदैन"भन्दै प्रदेशसभा बैठक समाप्त भएको घोषणा गरे ।

संविधानअनुसार, विश्वासको मत नलिएको अवस्थामा धारा १६८(२) बमोजिम बहुमत प्रमाणित गरी नयाँ मुख्यमन्त्री नियुक्तिको प्रक्रिया अघि बढ्नुपर्ने थियो। एमालेबाहेकका दलहरूले त्यसैअनुसार तयारी पनि गरिसकेका थिए । तर यिनै बीचमा, एमालेबाट सिफारिस भएकी तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले अनपेक्षित रूपमा धारा १६८(३) प्रयोग गर्दै संसदीय दलका नेता सरोज कुमार यादवलाई होटलमै सपथ दिँदै मुख्यमन्त्री नियुक्त गरिदिइन् । यस कदमपछि मधेश प्रदेशको राजनीति मात्र होइन, पूरै प्रदेशको प्रतिष्ठा नै विवाद र आलोचनाको चक्रव्यूहमा फसिएको छ । धेरैको धारणा छ "होटलको सपथ र असामान्य प्रक्रिया अपनाइएपछि मधेश प्रदेश देशभर बदनाम भएको छ ।"

होटलमा मुख्यमन्त्री नियुक्त गर्ने निर्णयको दिनदेखि लिएर आजसम्मको राजनीतिक घटनाक्रमलाई विश्लेषण गर्दा, नेकपा एमालेले मधेश प्रदेशमा प्रत्यक्ष मुठभेडको मार्ग रोजेको स्पष्ट देखिन्छ । एमाले को राजनीतिक चाल-चलनले प्रदेशसभालाई अस्थिर बनाउँदै विघटनसम्म धकेल्ने कोशिस भएको आशंका बलियो बन्दै गएको छ । मुख्यमन्त्री सरोज कुमार यादवद्वारा भारतविरोधी अभिव्यक्ति दिइनु,सभामुख रामचन्द्र मण्डलद्वारा सांसदहरूमाथि कुटपिट गरिएको घटना,र त्यसपछि देखिएको एमाले नेतृत्वको कठोर र उग्र राजनीतिक स्ट्यान्स यी सबैले एमाले अध्यक्ष केपी शर्मा ओलीको हठी र कठोर राजनीतिक शैली मधेशमा समेत प्रत्यक्ष रुपमा दोहोरिएको चित्र देखाउँछ । जसरी "केपी ओलीको जिद्दीपनले देश अस्थिरताको चक्रमा फँसेको" भनी आलोचना हुँदै आएको छ, त्यही शैलीले अहिले मधेश प्रदेशलाई पनि उही अव्यवस्था र संकटतर्फ धकेलिएको अनुभूति हुँदैछ । मधेश प्रदेशमा एमाले को हालको भूमिका र गतिविधिहरूले प्रदेश राजनीतिलाई अझ नै गम्भीर संकटतर्फ बगाइरहेको स्पष्ट अनुभूति हुन्छ ।

कार्तिक २८ गते बिहीबार एमाले बाहेकका सात दलका ६४ सांसदले सभामुख रामचन्द्र मण्डलविरुद्ध महाअभियोग दर्ता गराए। उपसभामुख बबिता राउत इसरले तोक लगाएपछि प्रदेश सभा सचिव बासुप्रसाद कोइरालाले प्रस्ताव दर्ता गरेका थिए। महाअभियोग दर्ताको क्रममा सभामुख मण्डलका समर्थकहरूले दर्ता रजिस्टर लुकाएपछि सचिव कोइरालाले नयाँ रजिस्टर खोलेर १ नम्बर दर्ता कायम गरेका थिए । बेलुका करिब ६ बजे सभामुख मण्डल प्रदेशसभामा पुग्दा, उनका समर्थकहरूले महाअभियोग दर्तामा सहभागी सांसदहरूलाई हातपात गरेका थिए । विशेषगरी जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादव र लोसपा संसदीय दलका उपनेता उपेन्द्र महतोमाथि प्रत्यक्ष हातपात भएको पुष्टि हुन्छ । महाअभियोग दर्ता गर्न पुगेका सांसदहरूलाई सभामुख मण्डलका समर्थकहरूले कोठा भित्रै थुनेका थिए, र लामो समयसम्म बाहिर निस्कन दिएको थिएन । त्यही बेला प्रदेश सभा सचिवालयको मुख्य ढोकामा प्रहरीले ताल्चा लगाएको,कर्मचारीहरूले विद्युत् (बत्ती) बन्द गरिदिएको,र सचिवालयभित्र एमालेका नेता-कार्यकर्ताहरू ठूलो संख्यामा प्रवेश गराइएको थिए। उता, महाअभियोग दर्ताको प्रतिकारस्वरूप सभामुख मण्डलले तत्कालै पाँच जना सांसदलाई निलम्बन गर्ने निर्णय लिएका थिए।

त्यसपछि आन्दोलनरत सातदलीय गठबन्धनले प्रतिक्रिया दिँदै सभामुख रामचन्द्र मण्डलले प्रदेशलाई मुठभेडतर्फ धकेल्ने प्रयास गरेको आरोप लगायो। गठबन्धनले विज्ञप्ति जारी गर्दै "महाभियोग प्रस्ताव दर्ता भई आफैं कारबाहीमा परेका सभामुखले प्रदेशसभा सदस्यलाई पदमुक्त गर्ने जस्ता कदम चालेर सम्पूर्ण प्रदेशलाई मुठभेडतर्फ लैजाने काम गरेका छन् "भनेर कडा आपत्ति प्रकट गर्यो । गठबन्धनले गरिएका गैरसंवैधानिक र अमर्यादित कार्यहरू कानुन अनुसार सच्याउन सभामुख मण्डललाई चेतावनी दिँदै, "यसले उत्पन्न गर्ने परि स्थितिको सम्पूर्ण जिम्मेवारी सभामुख स्वयंले लिनुपर्छ"भनेर स्पष्ट रूपमा भनाइ राख्यो।

पाँच सांसदलाई निलम्बन गरेपछि, निलम्बित सांसद सञ्जय कुमार यादवको अगुवाइमा मधेश प्रदेशसभामा हाजिरी कागजात माग गर्न पुगेका सांसदहरूलाई ११ बजे देखि साँझ ४ बजेसम्म बिना कारण पर्खाइमा राखिएको मात्र होइन,पछि कर्मचारीहरूले फोन स्विच अफ गरी उनीहरूलाई रित्तै फर्काइएको थियो।यसबारेसांसदयादवलेसभामुख रामचन्द्र मण्डलमाथि "संविधान र कानुनविपरीत कार्य गरेको"गम्भीर आरोप लगाए । उनले सभामुखको कार्यशैलीलाई "अपराधिक प्रवृत्तिको"समेत रहेको भनि आरोप लगाएका थिए।

यता सभामुखको निर्णयमा सर्वोच्च अदालतले दरिलो झापड लगाउदै मधेस प्रदेशका पाँच सांसदको पदमुक्त नगर्न आदेश जारी गरयो। तत्कालिन सभामुख रामचन्द्र मण्डलले आफुमाथि महाअभियोग लगाएको निहुमा गत कात्तिक २७ गते जसपाका ४ र नागरिक उन्मुक्तिका १ गरी पाँच सांसदलाई पदमुक्त गरेका थिए।

**मुठभेडको मनिस्थिती**

यस किसिमको मुठभेड निम्त्याउने प्रक्रियामा होटलमा सपथ लिएका मुख्यमन्त्री सरोज कुमार यादव पनि पछि परेनन्। प्रदेश राजनीतिक रूपमा उथल-पुथल भइरहेका बेला मुख्यमन्त्री यादवले भारत-विरोधी अभिव्यक्ति दिँदै वीरगन्जस्थित भारतीय दूतावासको काउन्सलर कार्यालयका प्रतिनिधिहरूले मधेशको राजनीतिको स्थिरतामा हस्तक्षेप गरेको आरोप लगाए।

शनिबार प्रदेशवासीको नाममा सम्बोधन गर्दै उनले काउन्सलर कार्यालयका अधिकारीहरूले विभिन्न दलका नेताहरूलाई दबाब र धम्की दिने गरेको दाबी गरे। उनका अनुसार ती प्रतिनिधिहरूले नेतासँग प्रत्यक्ष संवाद गर्दै 'दल फुटाइदिन्छु' जस्ता धम्कीसमेत दिएका छन् । यादवले भने, "वीरगन्जस्थित काउन्सलर अफिसका प्रतिनिधिहरू नेताहरूलाई धम्काउने, राजनीतिक निर्णयमा हस्तक्षेप गर्ने कार्य गर्दै आएका छन् ।" सम्बोधनमा मुख्यमन्त्री यादवले आफू तथा सरकारका सदस्यहरू सुरक्षा जोखिममा रहेको कुरा राज्यका सुरक्षित निकायले औपचारिक रूपमा जनाएको दाबी पनि गरे।

> मुख्य नाटकको सुरुवात कार्तिक २२ गतेदेखि नै भएको देखिन्छ । त्यो दिन, तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिने कार्यसूची रहेको प्रदेशसभा बैठक दलहरुसँग छलफलका लागि आधा घण्टाका लागि रोकिन पुगेको थियो । तर विश्वासको मत लिनुपर्ने प्रमुख पात्र मुख्यमन्त्री स्वयं सभामा प्रवेश गर्न नपाउँदै, एमालेबाट सिफारिस भएका सभामुख रामचन्द्र मण्डलले हतार-हतार हाउस सञ्चालन गर्दै मत विभाजनको प्रक्रिया सुरु गरिदिए ।

यता मुख्यमन्त्री यादवको अभिव्यक्ति गैरजिम्मेवारपूर्ण रहेको मधेश प्रदेशका पूर्व मुख्यमन्त्रीहरुले प्रतिक्रिया जनाए।

**विपक्षी पनि नौटंकी गर्नमा देखिए खप्पीस**

मधेश प्रदेशसभा सचिवालयमा तालबन्दी गरिएको र कर्मचार ीसमेत अनुपस्थित रहेको भन्दै चौरमै गठबन्धन घटक दलका सांसदको उपस्थितिमा प्रदेशसभाको परिसरको चौरमा बसेर उपसभामुख बबिता राउत इसरको अध्यक्षतामा सदन सञ्चालन गरिएको थियो । सो सदनमा नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका नेता कृष्णप्रसाद यादव र जसपा नेपाल मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवले मुख्यमन्त्री सरोजकुमार यादवलाई नियुक्त गरिएको घटना क्रमदेखि सभामुखको गलत आचरणलगायतका बारेमा उपसभामुख इसरलाई जानकारी गराएका थिए।

त्यसपछि उपसभामुख इसरले प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले पाँच जना सांसदलाई गरेको कारबाही कानुनसम्मत नरहेकाले फुकुवा गरिएको जनाइन्। सदनमा सांसदहरुलाई सम्बोधन गर्दै उनले सभामुख रामचन्द्र मण्डलको कदम असंवैधानिक रहेको टिप्पणी गरिन् । सो क्रममा गठबन्धनले प्रदेशसभा अगाडि प्रदर्शनसमेत गरेका थिए। त्यसैगरी मधेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले आह्वान गरेको सर्वदलीय बैठकमा सात दलीय गठबन्धनले बहिष्कार गरे। सो बैठकमा असंवैधानिक रुपमा नियुक्त भएका मुख्यमन्त्री सरोजकुमार यादवसमेत सहभागी भएको भन्दै सात दलीय गठबन्धनले सो सर्वदलीय बैठकमा बहिष्कार गरेको जसपा नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले जानकारी दिए। संवैधानिक रुपमै मुख्यमन्त्री नबनेपछि सर्वोच्च अदालतले पनि मुख्यमन्त्री सरोजकुमार यादवलाई कामकारबाही नगर्न भन्दै अन्तरिम आदेश जारी गरेकाले आफूहरु प्रदेश प्रमुखले आह्वान गरेको बैठक बहिष्कार गरेको उनले स्पष्ट पारे।

**आत्मघाती कदम रहेको टिप्पणी**

मधेशमा नेकपा एमालेले गरेका क्रियाकलापले पार्टी आफैंलाई आत्मघाती कदम चालिरहेको र यसबाट एमालेलाई दीर्घकालीन रूपमा क्षति पुग्ने राजनीतिक विश्लेषकहरूको भनाई छ। राजनीतिक विश्लेषक डा. भोगेन्द्र झाले एमाले अध्यक्ष केपी शर्मा ओलीको व्यक्तित्व र नेतृत्वप्रति कडा आलोचना गर्दै भने "उ न त राष्ट्रवादी हुन्, न त पार्टीका सच्चा नेता । उहाँ पूर्ण रूपमा स्वार्थी हुनुहुन्छ ।" डा. झालेले वर्तमान मुख्यमन्त्री सरोज कुमार यादवको राजनीतिक कैरियर र चरित्रमाथि पनि प्रश्न उठाउँदै भने, "एमालेको क्रियाकलाप र प्रमुख नेताहरूको स्वार्थले संघीयताको जननी मधेश प्रदेशलाई अस्थिर बनाएको छ । यसले मधेशीहरूमा संघीयता प्रति वितृष्णा पैदा गरेको छ र संघीयता नै समाप्त पार्ने षड्यन्त्र जारी छ।"

उनले सभामुख रामचन्द्र मण्डलको पक्षमा पनि टिप्पणी गर्दै भने "मण्डल शिक्षक हुन् र संघर्ष गरेर अगाडि आएका व्यक्ति हुन् । तर हालको परिस्थितिमा उहाँ भित्र राजनीतिक संस्कार समाप्त भएको देखिन्छ । एमाले अहिले अपराधीहरूको समूह जस्तो परिणत भएको छ र यो कुरा राजनीतिकर्मीहरूका लागि लज्जाको विषय हो।" डा. झालेले मुख्यमन्त्री सरोज कुमार यादवको होटलमा गएर सपथ ग्रहण गर्नुलाई पनि वचकानी हर्कतको संज्ञा दिएर, यो कदम ओलीको प्रतिछाया रहेको बताए । उनले यसलाई व्यंग्यात्मक शैलीमा भन्दै भने "भैया स नै जितली त, भौजीके कोचा फारली भन्ने जस्तै, अराजनीतिक र अपरिपक्व कदमहरू उठाइएका छन् ।"

यता, राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय उपाध्यक्ष डा. राजिव झाले नेकपा एमालेको कार्यप्रणालीलाई कडा आलोचना गर्दै भने "एमालेको कार्य गैर-लोकतान्त्रिक, गैर-संवैधानिक र गैर-राजनीतिक छ । यसबाट पद लोलुप्ताको स्पष्ट संकेत देखिन्छ।"उनले थपे "देशलाई आफनो विर्ता ठानेका केपी शर्मा ओलीलाई जेनजी आन्दोलनबाट धपाइए पनि अहिलेसम्म सुधार भएको छैन । त्यही दम्भ अहिले मधेश प्रदेशमा हावी भएको छ। संघीयताको सुरुवात गरेका मधेश प्रदेशलाई एमालेकै चालले धरापमा पार्ने षड्यन्त्र भइरहेको छ ।" डा. झाले सभामुख रामचन्द्र मण्डलको बारेमा भने "माओवादीबाट आएर पदमा रहेका मण्डलमाथि अहिले पनि त्यही अनुभूति हावी छ । उहाँ प्रदेशसभा विघटन गर्न चाहन्छन्।

**सभामुखको पदमुक्त देखि पारिवारिक नियुक्तिको आरोप**

सत्ताको लागि गम्भीर खेल चलिरहेको मधेश प्रदेशमा कार्तिक २७ गते तत्कालिन सभामुख रामचन्द्र मण्डलमाथि वज्रपात नै परयो । प्रदेशसभामा अविश्वासको प्रस्ताव दुई तिहाइले पारित भएपछि उनी पदमुक्त भए। पद अनुकूल आचरण नगरेको भन्दै उनीविरुद्ध २७ कात्तिकमा अविश्वास प्रस्ताव दर्ता भएको थियो।

कांग्रेस प्रमुख सचेतक कुमारकान्त झाले बुधबारको बैठकमा अविश्वासको प्रस्ताव पेस गरेपछि प्रदेश सांसद उपेन्द्र महतो, राजकुमार गुप्ता र जवाहरलाल कुशवाहाले समर्थन गरेका थिए।

पद मुक्तका वज्रपात भोगेका मण्डललाई पदीय आचरण र शक्तिको दुरुपयोग गरी परिवारका सदस्यलाई सचिवालयमा नियुक्ति गराएको आरोप पनि छ । मण्डलले आफ्नै श्रीमती, छोरा, दुई छोरी र ज्वाइँलाई विभिन्न पदमा करारमा नियुक्ति दिलाएका छन्। विवरण अनुसार श्रीमती मिथिला देवी मण्डल स्विपर (सफाई कर्मचारी) पदमा कार्यरत छिन् र मासिक २४ हजार ७०२ रुपैयाँ तलब पाउँदै आएकी छन् । छोरा राहुल मण्डल कम्प्युटर अपरेटरको पदमा कार्यरत छन् र मासिक ३४ हजार ७३० रुपैयाँ पारिश्रमिक पाउँछन्।

सभामुखकी दुई छोरीहरू काजल कुमारी मण्डल (माली) र विभा कुमारी मण्डल (भान्से)ले मासिक २४ हजार ७०२ रुपैयाँ तलब पाउँदै आएका छन्। स्रोतका अनुसार दुवै छोरी काठमाडौंमा बसोबास गर्दै आएका छन्, तर तलब प्रदेशसभा सचिवालयबाट नियमित रूपमा पाइएको छ । ज्वाइँ रमेश कुमार मण्डललाई प्रथम श्रेणीको पदमा नियुक्त गरिएको छ, र उनको मासिक तलब ५६ हजार ७८७ रुपैयाँ रहेको बताइएको छ । यद्यपी मण्डलले नियुक्ति दिएकाहरुको नियुक्ति खारेजी गर्ने भन्ने आवाज पनि उठेको छ।

**प्रदेशसभा विघटनको माग**

राजनीतिक किचलोबाट आजित भएर जनकपुरधामका युवाहरुले मधेसमा प्रदेशसभा विघटन गरी प्रदेश प्रमुख शासन लागु गर्न माग पनि भएको छ।

जनकपुरधामका एक युवाहरुको समूहले प्रदेशप्रमुख डा. सुरेन्द्र लाललाई ज्ञापन पत्र बुझाउँदै प्रदेश प्रमुख शासन लागु गर्न माँग गरे । तत्कालिन मुख्यमन्त्री जितेन्द्र सोनलको राजिनामा पछि प्रदेशमा बढेको सत्ताको छिनाझपटीले समग्र संघीयताका साथै मधेशी जनता समेत बदनाम भई रहेको हुँदा प्रदेशसभालाई विघटन गरि नागरिक सरकार वा प्रदेश प्रमुख शासन मार्फत नयाँ निर्वाचनमा जानु उपयुक्त हुने ज्ञापन पत्रमा सुझाव दिइएको थियो।

**स्वोच्चको सुनवाई पर्खाइमा सात दल**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति र बर्दिबासको होटलमा गराइएको शपथविरुद्ध दायर रिटमाथि आइतबार हुने भनिएको सर्वोच्च अदालतको सुनुवाइ मंसिर ९ गते हुने भएको छ।तत्कालीन मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनल विश्वासको मत लिन विफल भएपछि तत्कालिन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८(३) बमोजिम नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् । तर, उनले शपथ ग्रहण जनकपुरधाम वा प्रदेश प्रमुखको कार्यालयमा गराउनुभन्दा महोत्तरी र सिन्धुलीको सिमानामा पर्ने बर्दिबास नगरपालिका-३ कालापानीस्थित पानस होटलमा पुगेर गराएको विषयले तत्काल व्यापक विवाद निम्त्यायो ।यही प्रक्रियालाई असंवैधानिक भन्दै मधेश प्रदेशका ६४ जना सांसदले सर्वोच्च अदालतमा रिट दर्ता गरेका हुन्। रिटमा मुख्यमन्त्री नियुक्ति प्रक्रियाको वैधता, शपथ स्थलको संवैधानिक आधार र प्रदेश प्रमुखको अधिकार सीमाबारे प्रश्न उठाइएको छ । मधेश प्रदेशमा पछिल्लो केही महिनादेखि देखिएको राजनीतिक अस्थिरताबीच एमाले नेतृत्वमा गठन भएको नयाँ सरकारले समेत काम गर्ने वातावरण पाउन संघर्ष गरिरहेको छ। सात दलको विरोध, लगातारको धर्ना र सर्वोच्चको कानुनी प्रक्रियाले प्रदेशको सत्ता समीकरण अनिश्चित बनेको छ।

# विवाहपंचमीमा जनकपुरधाम प्रवेस गर्ने सवारी साधनहरुको पार्किङ्गस्थल तोकियो




**टुडे समाचारदाता**

जनकपुरधाम। जिल्ला प्रहरी कार्यालय धनुषाले श्रीरामजानकी विवाहपंचमी उत्सवको अवसरमा जनकपुरधाम आउने सवारीलाई पार्किङ्ग गर्ने स्थान तोकेको छ।

विवाह पञ्चमी २०८२ को ट्राफिक व्यवस्थापनको गुरु योजना तयार गर्दै विवाह पञ्चमी महा-महोत्सवलाई भव्य, सभ्य र व्यवस्थित रुपमा सम्पन्न गर्नका लागि धनुषा प्रहरीले अपिल गरेका छन्। प्रहरीले विभिन्न ठाउबाट आएका सवारी साधनलाई नगरभित्र प्रवेस गर्न पुर्ण तया निषेध गरेको छ। धनुषा प्रहरीले पुर्व यदुकोहाबाट आउने सवारी साधनहरुलाई पुलचौकस्थित ५२ विघामा पार्किङ्ग गर्न तोकेको छ भने पुर्व कपलेश्वरबाट आउने सवारी साधनहरुलाई कपिलेश्वर चौकी नजिकको चौरमा राख्नका लागि तोकेको छ। त्यसैगरी पश्चिम महोत्तरीको बलबा विसपिटीबाट आउने सवारी साधनहरु बलवा प्रहरी चौकीको छेउमा,आखा अस्पताल अगाडी र अग्नी कुण्डमा पार्किङ्गका लागि तोकेको छ भने दक्षिण जलेश्वरबाट आउने सवारी साधनहरुलाई नया वसपार्क देखि विन्दीसम्म र विन्दी ६ लेनमा,जहटीबाट आउने सवारी साधनहरु ६ लेनमा र उत्तरबाट आउने सवारी साधनहरु मुजेलीयको कवर्डहलको प्राङ्गनमा पार्किङ्ग गर्न स्थान छुट्याएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

जनकपुरधाममा जारी विवाहोत्सवमा नेपालको विभिन्न जिल्लाबाट र भारतबाट लाखौ श्रद्धालु भक्तजनहरु आउने गरेको छ। नगरमा सवारी चाप रहेकै बेला आउने श्रद्धालु भक्तजहरुलाई सहजता प्रदान गर्न र ट्राफिक समस्या समाधानका लागि नगरको प्रवेसद्धारमै पार्किङ्गको व्यवस्था मिलाइएको धनुषा प्रहरीले जनाएको छ। विवाहोत्सवमा विभिन्न ठाउबाट आपराधिक मनाशायका व्यक्तिहरु पनि आउने भएकाले त्यसका लागि सशक्त प्रहरीको व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ।

# ठाडीका युवाहरुले सुरु गरे पुरनकी पोखरी सरसफाई अभियान


**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामको गंगासागर सरसफाइ अभियानबाट प्रेरित हुँदै विदेह नगरपालिका वडा नम्बर ४, ठाडी टोलका युवाहरूले शिवकाली मन्दिर परिसरमा रहेको ऐतिहासिक पुरनकी पोखरी को सरसफाइ सुरु गरेका छन्।

'सबै जना एक भएर आफ्नो गाउँलाई सफा बनाऔं' भन्ने नारासहित आइतबार संयुक्त रूपमा गरिएको सरसफाइले पोखरी क्षेत्र नयाँ स्वरूपमा देखिन थालेको छ । पोखरीलाई आकर्षक र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित स्थानीय युवाहरूले हरेक हप्ता नियमित रूपमा सफाइ अभियान चलाइरहेको जनाइएको छ।

अभियानलाई व्यवस्थित रूपमा अघि बढाउन अमन यादवको नेतृत्वमा समिति गठन गरिएको छ। युवाहरूका अनुसार पोखरीको संरक्षण, सौन्दर्यकरण र पर्यटन प्रवर्द्धनमा समुदायको प्रत्यक्ष सहभागिता बढ्दै गएको छ । स्थानीयवासीले युवाहरूको सक्रिय पहलले गाउँको छवि परिवर्तन हुँदै गएको भन्दै निरन्तरताको अपेक्षा व्यक्त गरेका छन् । सरसफाई कार्यमा संयोजक यादवको संगै ज्ञानदेव सहानी,अमरेशगोईत,अरुणदाहा,वरुण मिश्रा,मनिष साह, निकी झा,रन्जेश गोईत,लगायतका युवाहरुको सहभागिता रहेको थियो।

हार्दिक स्वागतम्



मिति २०८२ सालको सिताराम विवाह पञ्चमी महोत्सव मेलामा पाल्नु भएको स्वदेशी तथा विदेशी र मित्र राष्ट्र भारत वाट श्रद्धालु भगत तथा सर्म्पूण तिर्थालु भक्तजनहरु लाई हार्दिक स्वागत गर्दछौं।

राम पल्टन साह, सचिव — प्रभाकर प्रसाद साह, उपसभापति — रामचन्द्र साह, सभापति

एवं

श्री धर्म संस्था (रामस्वरुप साह , रामसागर साह)

मिल्स एरिया जनकपुरधाम-१ परिवार

RAJARSHI JANAK UNIVERSITY

Faculty of Humanities & Law

Office of the Dean

Janakpurdham, Dhanusha

**Notice of Entrance Examination for Admission to: Master of Computer Application (MCA) for the Academic Session 2025 A.D. (2082 B.S.)**

Notice Published Date: 2082/08/08

**The entry requirement for students in Master of Computer Application (MCA) are:**


- Bachelor of Computer Application
- Bachelor of Engineering (BE Computer/Electronics/Information Technology/Software)
- Bachelor of Information Technology (BIT)
- Bachelor of Computer Science and Information Technology (BSc. CSIT)
- Bachelor of Information Management (BIM)
- Bachelor of Education in Information and Communication Technology (BEd. ICT/BICT)
- Or Bachelor of any other Equivalent Subjects

Must have completed the above Bachelor's Degree with minimum of second division or equivalent grade from recognized institution.

**Entrance Form Details:**

- Online Entrance Application Form : Mangsir 8, 2082 to Poush 6, 2082
- Applicant can apply through (www.apply.rju.edu.np)
- Entrance Examination Fee: NRs. 1500|- (One Thousand Five Hundreds Only). During the time of filling up the online application form, student should pay through esewa. The deposited amount cannot be refunded.
- Campus: University Campus, Janakpurdham.
- Schedule for Entrance Examination will be published later on website (www.rju.edu.np).

DEAN



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# चुनावमा जाने कांग्रेसको सकारात्मक निर्णय

नेकपा एमालेले प्रतिनिधि सभा पुनर्स्थापना र अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीको राजीनामा माग गर्दै संघर्षको घोषणा गरिरहेको बेला नेपाली कांग्रेसले प्रतिनिधि सभाको चुनावमा भाग लिने सकारात्मक निर्णय गरेको छ । नेपाली कांग्रेस लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने दल रहेकाले त्यस अनुकूलकै कार्यहरु गर्नुपर्छ। एमालेले पनि लोकतान्त्रिक प्रणालीलाई आत्मसात गरिसकेको छ । एमालेको सांगठनिक कार्यहरु लोकतान्त्रिक विधि र प्रक्रिया अनुसार चलिरहेको छ। संसद पुनर्स्थापनाको पक्षमा लाग्दा त्यसले उपलब्धि हुँदैन । चुनावमा जानु नै उत्तम लोकतान्त्रिक प्रक्रिया हो । निर्धारित समयमा नै चुनाव गराउन दृढ प्रधानमन्त्री कार्कीको अभियानमा सबै दलले हातेमालो गरी चुनाव सम्पन्न गराउनु पर्छ । चुनाव सम्पन्न भए फेरि लोकतान्त्रिक विधि प्रक्रिया अनुरुप देश अगाडि बढ्ने छ। तर चुनाव समयमा हुन नसके फेरि देशमा अनेक विकृतिहरु आउने सक्ने सम्भावना छ। नेपाली कांग्रेसले गरेको निर्णय पूर्ण लोकतान्त्रिक पद्धतिलाई बलियो बनाउने हो। एमालेले पनि चुनावका लागि दल दर्ता गर्ने घोषणा गरिसकेको छ । अन्य दलहरु चुनावका लागि निर्वाचन आयोगमा दर्ता भइसकेका छन् । नेपाली कांग्रेस र एमाले चुनावका लागि दल दर्ता नगराउँदा अनेक संशय उत्पन्न भएको थियो । अब यी दुई ठूला दलले पनि चुनावमा भाग लिने भएपछि निर्धारित समयमा नै चुनाव हुन सक्ने विश्वास गर्न सकिन्छ । देशमा अहिले संवैधानिक संरचना, संविधान, कानुनलगायत प्रदेश सभा, पालिका र राष्ट्रिय सभा क्रियाशील रहेका छन्। प्रतिनिधि सभा पनि विशेष परिस्थितिमा विघटन भएको थियो। प्रतिनिधि सभालाई विघटन गरी देशको संविधान, संवैधानिक निकायहरु, राष्ट्रिय सभा, प्रदेश र स्थानीय तह लगायत जनधनको हुन सक्ने ठूलो क्षतिबाट जोगाइएको यथार्थ हो। भदौ २३ र २४ गते दुई दिनमै देशले जनधनको अपूरणीय क्षति व्यहोरेको सबैले देखिरहेका छन्। त्यसकारण ठूला दलहरुको जिम्मेवारी समयमा चुनाव गराएर नयाँ प्रतिनिधि सभाको स्थापना गर्नु हो। कांग्रेस र एमालेबीचको गठबन्धन अहिले भत्किएको छैन । मधेश प्रदेश बाहेक अन्य सबै प्रदेशमा गठबन्धन कायमै छ । कांग्रेस र एमालेका नेताहरुबीच समन्वय र संवाद निरन्तर भइ नै रहेको बुझिन्छ । त्यसकारण आगामी दिनमा दुबै दलबीच सहकार्य हुन सक्ने सम्भावना जीवित नै छ। नेपाली कांग्रेसले चुनावमा जान गरेको निर्णय अन्य दलहरुका लागि समेत अनुकरणीय हुन सक्छ। अहिले कांग्रेसले विशेष महाधिवेशन अथवा प्रतिनिधि सभा पुनर्स्थापना लगायतको विषयमा अल्मलिनु हुँदैन। वडास्तरसम्मको संगठनलाई गतिशील बनाएर कांग्रेस अगाडि बढ्नु पर्छ । लोकतान्त्रिक पद्धतिलाई बलियो र संस्थागत गर्ने जिम्मेवारी कांग्रेसको हो।

# स्वास्थ्यका लागि चिया कफी कत्तिको उपयोगी ?



प्रा डा प्रकाशराज रेग्मी

धेरै जनाको बिहानको सुरुआत प्रायः चिया वा कफीबाट हुन्छ। चिया, कफी साथीहरू भेट भएर कुरा गर्ने माध्यम पनि हो । त्यसैले चिया वा कफी धेरैको दैनिकीको अभिन्न अङ्ग बनेको छ । यसका फाइदा बेफाइदाका बारेमा विभिन्न अध्ययन अनुसन्धानहरु भएका छन् । विश्वका धेरै देशहरुमा चिया, कफीको सेवन निकै हुने गरेको छ । अझ जाडोको समयमा त यसको सेवन निकै नै हुने गर्दछ । नेपालमा पनि तराईदेखि हिमाली भेगसम्म यसको प्रयोग हुने गर्दछ । पछिल्लो समय कफीको प्रयोग गर्नेहरुको सङ्ख्या ह्वात्तै बढेको छ । नेपालमा चिया र कफी खेती पनि हुने भएकाले यसको प्रयोगलाई सामान्य रुपमा लिने गरिन्छ । यहाँ चिया र कफीको प्रयोग स्वास्थ्यका दृष्टिले कत्तिको लाभदायक छ भन्ने कुरा उल्लेख गरिएको छ।

संसारभरि पानीपछि सबैभन्दा धेरै पिइने पेयपदार्थ चिया नै हो । हामीले धेरैथरी चिया पिउने गर्छौं- दूध हालेको सेतो चिया, दूध र मसला दुवै हालेको मसला चिया, केही पनि नहालेको कालो वा हरियो चिया, आयुर्वेदिक जडीबुटी मिसिएको हर्बल चिया आदि । धेरैले चियामा चिनी हालेर पिउँछन्, कसैकसैले चिनी नहालेको चिया मन पराउँछन् । दूध-चिनी हाली आगोमा भकभकी उमालेर पकाएको चिया स्वादिलो हुने हुँदा धेरैको रोजाइमा पर्छ। स्वास्थ्यका जानकार हरूले यस्तो चियाले स्वास्थ्यमा हानि पुऱ्याउँछ भनी खबरदारी गर्छन्। यस्तो खबरदारीलाई ध्यानमा राखेर केही मानिसले चियामा दूध-चिनी केही पनि नमिसाइ कालो चिया पिउने गर्छन्। कतिपयले त स्वास्थ्यलाई फाइदा गर्छ भनेर हरियो चिया मीठो नलागे पनि पिउने गर्छन् ।

### कस्तो चिया फाइदाजनक ?

स्वास्थ्यका हिसाबले चिया सेतो, कालो या हरियो कुन फाइदाजनक छ भन्नेबारे धेरैलाई जान्ने उत्सुकता हुन्छ। हामीले दिनदिनै दुई-चार कप चिया पिएकै हुन्छौँ। हरियो र कालो दुवै चिया एउटै जातको 'क्यामेलिया' नामक वनस्पतिबाट उत्पादन हुने गर्छ। चिया बगानबाट चियापत्ती टिप्दा त्यो हरियो हुन्छ, त्यसलाई प्रशोधन गरेपछि त्यो कालो हुन्छ। हरियो चिया भनेको सबैभन्दा कम प्रशोधित चिया हो । चियाको पातलाई जति धेरै प्रशोधन गरिन्छ त्यति नै मात्रामा त्यसमा भएका गुणकारी तत्वहरू नष्ट हुँदै जान्छन् । यो हिसाबले कालोभन्दा हरियो चियालाई बढी स्वास्थ्यवर्द्धक मान्नुपर्छ।

हरियो चियामा स्वास्थ्यवर्द्धक तत्व पोलिफिनोल र क्याटेखिन बढी पाइन्छ भने कालो चियामा यिनीहरूको मात्रा अलि कम हुन्छ तर क्याफिनको मात्रा बढी हुन्छ । क्याफिनले शरीरलाई उत्तेजित पार्ने, नशा लाग्ने कारणले त्यति राम्रो मानिदैन। चियामा भएको गुणकारी तत्वहरू पोलिफिनोल आदिले मुटु, हड्डी, पेट आदिलाई फाइदा गर्छ। यसले क्यान्सरको रोकथाममा पनि मद्दत पुऱ्याउँछ । मधुमेह, उच्च रक्तचापजस्ता समस्यालाई पनि कम गर्न सहयोग गर्छ।

चियालाई धेरै बेर उमाल्यो, त्यसमा दूध र चिनी मिसायो भने पोलिफिनोल, क्याटेखिन आदि गुणकारी तत्वहरू निष्क्रिय भइदिन्छन् । यस कारण स्वास्थ्यका हिसाबले सोझो अर्थमा चिया कालोभन्दा हरियो राम्रो, दूध-चिनी हालेको भन्दा नहालेको राम्रो । हामीले पोलिफिनोल एन्टिअक्सिडेन्ट चियाबाटै किन लिनुपऱ्यो ? फलफूल, सागसब्जी, गेडागुडी, ड्राइफ्रुट्स आदिबाट प्रशस्त फाइबर र एन्टिअक्सिडेन्ट पाउन सक्छौं । यी चिजहरू खाए भइहाल्यो नि ! चियाको स्वाद बिगारी-बिगारी टर्रो चिया नै किन पिउनुपऱ्यो !

कोक, फन्टा, स्प्राइट, रेडबुलजस्ता पेयपदार्थहरू पिउनुभन्दा आगोमा भकभकी उमालेको दूध-चिनी हालेको चिया नै बढी फाइदाजनक हुन्छ। यस्तो चिया दैनिक एक-दुई कप पिउँदा केही पनि हानि छैन । तर जसले दैनिक दुई कपभन्दा बढी चिया पिउँछ, उसले विचार पुऱ्याउनुपर्छ कस्तो चिया पिउने ? कति कप पिउने ? कुनबेला पिउने ? चिनी-दूध हाल्ने कि नहाल्ने ? भन्ने कुरा आफ्नो स्वास्थ्यअनुसार विचार गर्न सकिन्छ :

यदि तपाईंलाई मधुमेह रोग छ, रगतमा ट्राइग्लाइसेराइडको मात्रा धेरै बढेको (४०० भन्दा बढी नै) छ, शरीर मोटो छ भने चियामा चिनी नहाली पिउनुहोस् । तपाईंले हरियो चिया पिएको राम्रो ।



पेटको समस्या छ, पेट फुल्छ, पोल्छ, ग्यास्ट्रिक बढ्ने समस्या छ, डकार धेरै आउँछ, अमिल्युकी आउँछ भने चियामा दूध नहालेको राम्रो । यस्तो समस्या भएकाहरूले दूधबिनाको कालो या हरियो चिया पिउँदा राम्रो हुन्छ। तर तपाईं चियाको असाध्यै पारखी हुनुहुन्छ, सेतो दूध हालेको चिया मन पराउनुहुन्छ भने खाली पेटमा नपिउनुहोस् । पहिले अलिकति पानी पिउनुहोस् अनि दूध हालेको चिया पिउनुहोस्, दैनिक एक कपभन्दा बढी सेतो चिया नपिउनुहोस् । चियामा अदुवा मिसाएर पकायो भने स्वाद पनि बढ्छ, पेटलाई फाइदा पनि हुन्छ।

तौल घटाउने इच्छा छ भने दूध-चिनी नहालेको हरियो चिया दैनिक चार कपसम्म पिउनुहोस्। यसभन्दा धेरै पिउँदा हानि पुग्न सक्छ, विचार पुऱ्याउनुहोस् । तपाईं स्वस्थ हुनुहुन्छ भने दैनिक दुई कपसम्म दूध-चिनी हालेर भकभकी पकाएको नेपाली चिया आनन्दपूर्वक पिउन सक्नुहुन्छ। चियामा रहेको पौष्टिक तत्व नष्ट भयो भनी चिन्ता नगर्नुहोस्, चियाको स्वादमा रमाउनुहोस् । तर दैनिक दुई कपभन्दा बढी यस्तो चिया नपिउनुहोस्। धेरै भयो भने यसमा भएको क्याफिनले नशा लाग्छ, उत्तेजित बनाउँछ, अनिद्रा गराउँछ, रक्तचाप बढाउँछ, मुटुको धड्कन बढाउँछ।

यस कारण सावधानीका साथ चियाको मज्जा लिनुहोस्। चिया सेतो कि कालो पिउने भन्ने विषयमा धेरै नसोच्नुहोस्। तपाईंलाई जुन चियाको बढी स्वाद लाग्छ त्यही चिया पिउनुहोस् तर सावधान ! धेरै नपिउनुहोस् ।

### कफीको नशा

चिया जस्तै कफीको स्वादमा रमाउने मानिस पनि विश्वमा धेरै छन् । धेरैलाई कफीको नशाबारे थाहा छैन । कफी र रक्सी दुवैमा नशा लाग्ने तत्व हुन्छ । कडा कफी पिउने बानी भएकाहरूलाई कफी र रक्सीमध्ये एउटा छोड्नुपर्दा उनीहरू रक्सी छोड्छन् । रक्सी छोड्नसक्ने तर कफी छोड्न नसक्ने भनेको रक्सीमाभन्दा पनि कडा नशा कफीमा छ भनी बुझ्नुपर्छ । चुरोटमा हुने निकोटिन र रक्सीमा हुने अल्कोहलले स्वास्थ्यमा गम्भीर असर पार्छ। रक्सी र चुरोटको लत बसेकाहरूले यो छोड्दा हात काम्ने, टाउको दुख्ने, छटपटी लाग्नेजस्ता समस्या देखा पर्छन्। यसलाई 'विड्अल इफेक्ट' भनिन्छ। कफीको लत बसेकाहरूले कफी पिउन नपाउँदा यस्तै अवस्था उत्पन्न हुन्छ।

संसारमा धेरै पिइने पदार्थहरूमध्ये एक हो कफी। विकसित राष्ट्रहरूमा आधा जनसङ्ख्याले कफी सेवन गर्ने गरेका छन्। त्यहाँ प्रत्येक दिन एक जनाले सरदर तीन कप कफी पिउने गर्छन्। कफीको उत्पादन भने सबैभन्दा बढी विकासोन्मुख राष्ट्रहरूमा हुने गरेको छ। कफीको खेती संसारका ७० भन्दाबढी देशमा गरिन्छ। सबैभन्दा धेरै कफी उत्पादन गर्ने देश ब्राजिल हो । यो देशले संसारको कूल ३५ प्रतिशत कफी उत्पादन गर्दछ । नेपालमा पनि कफीको उत्पादन हुन्छ। नेपालमा पाल्पा र गुल्मीका कफीहरू प्रख्यात छन्।

### कति पिउने कफी ?

रक्सीमा इथानोल र चुरोटमा निकोटिन भएजस्तै कफीमा क्याफिन हुन्छ । यसमा एक प्रकारको लत वा नशा बस्छ । मान्छेले एकपटक पिएपछि फेरि पनि पिउँपिउँ जस्तो लाग्ने कारण यही हो। दुई चिया चम्चा धुलो कफी मिसाएको एक कप कफीमा सय मिलिग्राम क्याफिन हुन्छ। स्वास्थ्यका दृष्टिले दैनिक दुई सयदेखि चार सय मिलिग्रामसम्म क्याफिन पिउन सुरक्षित मानिन्छ। अर्थात् एक जनाले दुईदेखि चार कपसम्म दैनिक कफी पिउन सक्छन्। तर कफी पिउन हुने/नहुने भन्ने कुरा व्यक्तिको स्वास्थ्य स्थितिमा भर पर्छ।

क्याफिन तत्व कफीमा मात्रै नभएर चकलेट, चिया, कोल्ड ड्रिङ्क्स र इनर्जी ड्रिङ्क्समा पनि पाइन्छ। इनर्जी ड्रिङ्क्स पिउँपिउँ लाग्ने कारण पनि क्याफिनको नशा लागेर हो। कफीले स्वास्थ्यमा असर पार्छ भन्ने कुरा विज्ञानले पनि पुष्टि गरेको छ । यसले दिमाग र मुटुमा असर पार्ने, मुटुलाई उत्तेजित बनाउने एवं पाचन प्रणालीमा पनि असर गर्छ। थोरै प्रयोगले खासै असर नगरे पनि, धेरै हुनेबित्तिकै पाचन प्रणालीमा असर पार्छ । दैनिक चार कपभन्दा बढी कफीलाई धेरै मान्नुपर्छ। कफी धेरै पिउँदा छटपटी हुने, चक्कर लाग्ने, हात काँप्ने, निद्रा नलाग्ने, मुटुको धड्कन बढ्ने, ब्लड प्रेसर बढ्ने, अपच हुनेजस्ता समस्या देखिन सक्छन्। धेरै भयो भने मृत्युसमेत हुन सक्छ। दिनमा ५० कपदेखि एक सय कपसम्म कफी पियो भने मृत्युसमेत हुन सक्छ। १० हजार मिलिग्राम क्याफिन शरीरमा पऱ्यो भने तत्काल मृत्यु हुनसक्छ।

कुनै व्यक्तिलाई कफी शरीरमा पर्नेबित्तिकै आनन्द महसुस हुन्छ भने कतिपयलाई छटपटी हुन्छ। कसैकसैलाई अलिकति कफी पिउनेबित्तिकै असर पर्छ, यसलाई कफीमा 'सेन्सेटिभ' भएको भनिन्छ । कफीमा सेन्सेटिभ भएकाहरूलाई थोरै कफीले पनि छटपटी गराउने, जीउ तातेर आउने, मुटु हल्लिने, निद्रा नपर्ने, अपच हुने, रक्तचाप बढ्ने, छिटोछिटो पिसाब लाग्नेजस्ता स्वास्थ्य समस्या उत्पन्न गराउँछ। मुटुको धड्कन खराब भएकाहरूले दैनिक एक कपसम्म कफी पिउनु सुरक्षित मानिन्छ।

विज्ञानले भन्छ-एक कप कफी गर्भवतीहरूका लागि समेत सुरक्षित छ तर यसभन्दा बढी भएमा गर्भपात हुने वा कम तौल भएको बच्चा जन्मिने खतरा बढ्छ । १८ वर्ष उमेरमुनिका र गर्भवती महिलाले कफी नपिउँदा बेस हुन्छ । आफ्नो स्वादअनुसारको कफी पिउने गर्नुहोस् । कालो, दूध-चिनी नहालेको 'ब्ल्याक' अथवा 'मिल्क विथ सुगर', 'कफी लाटे', 'अमेरिकानो', 'एक्सप्रेसो', 'क्यापुचिनो' आदि जुन स्वादिलो लाग्छ, छानीछानी पिउने गर्नुहोस् । यसबाट स्वाद, सन्तुष्टि र सुस्वास्थ्य प्राप्त हुन्छ।

कफीले स्वास्थ्यमा पार्ने असरबारे धेरै अनुसन्धानहरू भएका छन् । कफी सेवन नगर्नेहरूको तुलनामा कफी सेवन गर्नेहरू धेरै वर्ष बाँच्ने गरेको कुरा वैज्ञानिक अनुसन्धानहरूले पुष्टि गरेका छन् । दैनिक दुईदेखि चार कपसम्म कफी पिउनेहरूमा अरूको तुलनामा १६ प्रतिशतले मृत्युदर कम भएको पाइएको छ भने २१ प्रतिशतले हृदयघातबाट हुने मृत्यु घटेको पुष्टि भएको छ । हृदयघात भइसकेकाहरूका लागि पनि कफीको सेवन लाभदायी देखिन्छ। दैनिक दुईदेखि चार कपसम्म कफी पिउँदा यसले स्वास्थ्यमा राम्रो असर पार्छ।

विज्ञानले के पनि भन्छ भने कफीले मधुमेह र मुटुरोगबाट बचाउन मद्दत गर्छ । दिमागसम्बन्धी रोग- ल्जाइमर्स, डिमेन्सिया र डिप्रेसन हुनबाट रोक्छ । पार्किन्सन्स रोग, लिभर सिरोसिस र क्यान्सर हुनबाट पनि धेरै हदसम्म रोक्छ। हिजोआज धेरै मानिसलाई कलेजोमा बोसो जम्ने रोग छ। यसलाई नन अल्कोहोलिक फ्याट्टी लिभर पनि भनिन्छ। यसलाई पनि कफीले घटाउँछ भन्ने वैज्ञानिक मान्यता छ । तर गर्भवती महिला र १८ वर्षमुनिका बालबालिकाले कफी नपिउँदा राम्रो हुन्छ । किनकी उनीहरूलाई कफीमा हुने क्याफिनले नकारात्मक असर पुऱ्याउँछ । त्यसैले भरसक आफ्नो शरीरको स्थितिलाई विचार गरेर कफी पिउँदा राम्रो हुन्छ। दूध र चिनी नहालेको ब्ल्याक कफी पिउँदा स्वाद, सन्तुष्टि र सुस्वास्थ्यसमेत पाउन सकिन्छ।
(लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ हुनुहुन्छ)रासस

# नेपालको ऐतिहासिक मोड: नयाँ पुस्ताको संकल्प र स्वदेशवादको आव्हान



किशोर गुरू

नेपाल आज इतिहासको एउटा निर्णायक मोडमा उभिएको छ। दशकौंदेखिको राजनीतिक प्रयोगपछि पनि जनताको आकांक्षा पूरा हुन सकेन। यो समय कुनै साधारण राजनीतिक परिवर्तनको होइन, बरु एउटा पूर्ण राजनीतिक पुनर्जागरणको हो, जसको नेतृत्वमा देशको भविष्यलाई नयाँ पुस्ता, अर्थात् जेन-जेडले चुनौती दिइरहेको छ। लामो समयदेखिको राजनीतिक असफलता, नेतृत्वको नैतिक स्खलन र राज्य संरचनामा व्याप्त शासकीय विकृतिले देशलाई गम्भीर असमानता, विकराल भ्रष्टाचार र गहिरो अविश्वासको संकटमा धकेलेको छ। संघीयताको अभ्यास प्रभावहीन बन्दै जाँदा, नियन्त्रणमुखी र केन्द्रीकृत प्रशासन, अनि अत्यधिक वैदेशिक निर्भर अर्थतन्त्रले जनताका आशा र सपनाहरूलाई क्षय गरेको छ।

वर्तमान संकटः एउटा व्यवस्थागत विफलताको चित्र

नेपालको वर्तमान संकट कुनै नीतिगत अपूर्णताको मात्र परिणाम होइन, बरु यो नेतृत्वको निष्ठा र नियतमा आएको विचलनको उपज हो। यसको मूल चुरोहरू गहिरिएका छन् । वर्षौंदेखि सत्तामा रहेका दल र नेताहरूले देशलाई निकास दिनुको सट्टा आफ्नै स्वार्थ र भ्रष्टाचारको जालोमा फसाएका छन्। ट्रान्सपेरेन्सी इन्टरनेशनलको २०२३ को प्रतिवेदनअनुसार, नेपाल भ्रष्टाचारमा दक्षिण एसियामै अग्रिम स्थानमा रहेको छ। यसले गर्दा राज्यका हरेक तहमा संस्थागत भ्रष्टाचार मौलिएको छ, जसको सजिलो उदाहरण भ्रष्टाचार विरुद्धको संस्थालाई नै राजनीतिक रूपमा कमजोर पार्ने प्रयासहरू हुन्।

शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत आवश्यकताबाट वञ्चित युवाहरूले देशभित्र आफ्नो भविष्य देख्न छाडेका छन्। विदेश रोजगार सेवाको तथ्याङ्कअनुसार, दैनिक करिब १,५०० देखि २,००० युवाहरू विदेशिन्छन्। यसले देशको उर्वर जनशक्तिको क्षय मात्र गरिरहेको छैन, तर वार्षिक रूपमा हजारौं नेपाली युवाहरूको मृत्यु र शोषणको कारण पनि बन्दैछ।

उत्पादन र स्वदेशी पूँजीको सट्टा रेमिट्यान्स र विदेशी सहायतामा अत्यधिक निर्भरताले देशको आर्थिक आत्मनिर्भरतालाई कमजोर बनाएको छ। नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार, देशको कुल घरेलु उत्पादन (जीडीपी) मा रेमिट्यान्सको हिस्सा २०% भन्दा बढी छ, जबकि विनिर्माण क्षेत्रको योगदान ५% भन्दा कम रहेको छ। आयातमुखी अर्थतन्त्रको यो पाश तोड्नु जेन-जेडको प्रमुख एजेन्डा हो। प्रशासनमा पारदर्शिताको अभाव, ढिलासुस्ती र राजनीतिक संरक्षणले दण्डहीनताको संस्कृतिलाई प्रश्रय दिएको छ। उदाहरणका लागि, प्रशासनिक कार्यमा ढिला र लालफित्ताहरूले गर्दा साना व्यवसायीहरूले प्रतिवर्ष करोडौं रुपैयाँको क्षति बेहोर्छन्, जसले सुशासनको आधारलाई नै कमजोर बनाइरहेको छ।

> जेन-जेड पुस्ताको आवाज, स्वदेशवादको दर्शन र जनताको आकांक्षा मिलेर नेपाललाई संघीय, समृद्ध र पूर्णतः पारदर्शी भविष्यतर्फ डोऱ्याउँदैछ। अबको राजनीति सत्ता होइन, यो सेवा, निष्ठा र राष्ट्रप्रतिको प्रतिबद्धताको राजनीति हो। यो आन्दोलन केवल असन्तोषको ज्वाला होइन - यो नेपालको आत्मजागरण र राजनीतिक पुनर्जागरणको शंखघोष हो, जसले दशकौंको निराशालाई आशामा, अस्थिरतालाई स्थायित्वमा र परनिर्भरतालाई आत्मनिर्भरतामा बदल्ने ऐतिहासिक संकल्प बोकेको छ।

### जेन-जेड आन्दोलनको दर्शनः स्वदेशवादको पुनर्प्रतिष्ठा

यही जडता तोड्नका लागि राष्ट्र पुनर्निर्माणको अभियान थालेको जेन-जेड आन्दोलनको केन्द्रमा 'स्वदेशवाद' को दर्शन रहेको छ। स्वदेशवाद कुनै संकीर्ण राष्ट्रवाद होइन; यो आफ्नो माटो, सम्पदा, स्रोत र जनशक्तिमाथि पूर्ण विश्वास र आत्मनिर्भरताको राजनीतिक, आर्थिक र सामाजिक दर्शन हो। यसले निष्ठा र सेवाको राजनीति, स्वदेशी पूँजीको सम्मान र जनशक्तिको राष्ट्र निर्माणमा पूर्ण उपयोगको आह्वान गर्छ। पारदर्शी र जवाफदेही नेतृत्व प्रणालीको आवश्यकता उजागर भएको छ। डिजिटल प्लेटफर्ममार्फत नेतृत्वलाई नियम, कानुन र जनताप्रति उत्तरदायी बनाउने प्रणाली, जसले नेताको स्वेच्छाचारितालाई रोक्छ। उदाहरणका लागि, सबै सार्वजनिक खर्च र निर्णयहरू वास्तविक समयमा अनलाइन प्रकाशित गर्ने बाध्यता।

अवसर र न्यायमा समान पहुँच मांग भएको छ। योग्यता, क्षमता र निष्ठाको कदर गर्दै हरेक नागरिकलाई बिना भेदभाव समान अवसर उपलब्ध गराउने। शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवामा सबैको लागि समान पहुँच सुनिश्चित गर्ने। सुशासन र भ्रष्टाचारमुक्त प्रशासनको स्पष्ट मांग भएको छ। 'डिजिटल गभर्नेन्स' र 'जननिगरानी प्रणाली' मार्फत प्रशासनलाई चुस्त, छिटो, पारदर्शी र पूर्णतः भ्रष्टाचारमुक्त बनाउने। सबै सरकारी सेवाहरू अनलाइन उपलब्ध गराउँदै रिश्वतको सम्भावनालाई न्यूनतम बनाउने।

युवा-मुखी नीति र रोजगारीको मांग उठेको छ। शिक्षालाई रोजगारसँग जोड्ने र उद्यमशीलतालाई प्रोत्साहन दिई युवाहरूलाई स्वदेशमै काम गर्ने वातावरण बनाउने। स्टार्टअपलाई करमुक्त अवधि, सहज ऋण र प्रविधि सहयोग जस्ता प्रोत्साहन दिने। संघीय अधिकारको वास्तविक प्रयोग हुनुपर्ने आवस्यकता रहेको छ। बहुलराष्ट्र राज्यको मर्मअनुरूप स्थानीय तहसम्म अधिकार र स्रोतको सशक्तीकरण गर्दै वास्तविक लोकतन्त्रको अभ्यास गर्ने।

### संघीयता र बहुलराष्ट्र राज्यः एक अपरिहार्य वास्तविकता

जेन-जेड आन्दोलनले वर्तमान संकटको दिगो समाधानका लागि संघीय सशक्तीकरण र बहुलराष्ट्र राज्यको अवधारणालाई आत्मसात् गर्नुपर्छ। नेपाल एउटा धेरै जात, भाषा र संस्कृतिहरू भएको देश हो। सबैलाई आफ्नो पहिचानको सम्मान गर्दै, सबैलाई राष्ट्र निर्माणमा सहभागी बनाउने नै संघीयताको सही अर्थ हो। यसले देशलाई टुक्र्याउँदैन, बरु जोड्छ। स्थानीय स्तरमा नै निर्णय भएको खण्डमा विकास कार्यझट्ट र सही ठाउँमा हुन्छ। संघीय सशक्तीकरण बिना न्यायपूर्ण विकास सम्भव छैन। उनीहरूका लागि संघीयता केवल प्रशासनिक ढाँचा होइन; यो राजनीतिक सहभागिता, पहिचानको सम्मान र स्थानीय स्रोतमाथिको नियन्त्रणको माध्यम हो।

शक्ति र स्रोतको स्पष्ट बाँडफाँट हुनुपर्दछ। केन्द्र, प्रदेश र स्थानीय तहबीच शक्ति र स्रोत बाँडफाँटको स्पष्ट संरचना लागू गराउनु पर्छ। राजस्वको दोहोरोपन र क्षेत्राधिकारको अस्पष्टता तत्काल हटाइनुपर्छ। आर्थिक स्वायत्तता हुनुपर्दछ। प्रदेश र स्थानीय तहलाई आफ्ना स्रोत परिचालन गर्न सक्ने पूर्ण अधिकार दिई आर्थिक रूपमा आत्मनिर्भर बनाइनुपर्छ। संस्थागत पारदर्शिता हुनुपर्दछ। संघीय सेवा आयोग र वित्त आयोगलाई सुदृढ गरी कर्मचारी भर्ना र बजेट वितरणमाथि पारदर्शिता र उत्तरदायित्व अनिवार्य गरिनुपर्छ।

स्वदेशवादमा आधारित आर्थिक मार्गचित्रको निर्माण हुनुपर्दछ। जेन-जेड आन्दोलनले नेपालको आयातमुखी अर्थतन्त्रलाई पूर्ण रूपमा अस्वीकार गर्दै आत्मनिर्भरता, इमानदारिता र दिगो विकासमा आधारित आर्थिक मार्गचित्र अगाडि सारेको छ। स्वदेशवादको आर्थिक त्रिकोण - कृषि, उद्योग र प्रविधिलाई राष्ट्रिय अर्थनीतिको केन्द्र बनाउने प्रस्ताव छ।

युवालाई कृषिमा आकर्षित गर्न उन्नत प्रविधि, सहुलियत ऋण र बजारको ग्यारेन्टी गर्ने। निर्वाहमुखी कृषिबाट व्यवसायिक र निर्यातमुखी कृषि प्रणालीमा रूपान्तरण गर्ने। उदाहरणको लागि, नेपालले विशेषतः जैविक कृषिमा तुलनात्मक लाभ लिन सक्छ। साना तथा मझौला उद्योग र घरेलु उद्योगलाई संरक्षण दिएर आयात प्रतिस्थापन गर्न सकिने क्षेत्रहरू (जस्तैः आईटी, खाद्यपदार्थ, हस्तशिल्प) लाई प्राथमिकता दिने। डिजिटल गभर्नेन्स लागू गरी आर्थिक कारोबारमा हुने भ्रष्टाचारको अन्त्य गर्ने, र प्रविधिमा आधारित उद्यमशीलता (त्भअज क्तबचतगउक) लाई व्यापक प्रोत्साहन दिने।

नयाँ पुस्ताको नेतृत्व बिना राष्ट्र पुनर्जागरण सम्भव छैन भन्ने भावना जेन-जेड आन्दोलनको मूल आधार हो। यो पुस्ता केवल असन्तोष व्यक्त गर्ने होइन, बरु समाधानको वाहक बन्ने र पुरानो राजनीतिक चक्र तोड्ने संकल्पका साथ अघि बढेको छ। जेन-जेडले पुरानो पुस्तालाई एउटा कठोर प्रश्न सोधेको छ - किन देश सधैँ एउटै चक्रमा फसेको छ? यसको जवाफमा उनीहरूले राजनीतिक परिवर्तन विचारको नवीनीकरण र आचरणको शुद्धीकरणबाट मात्र सम्भव हुन्छ भन्ने मान्यता स्थापित गर्न खोजेका छन्।

अन्त्यमा, जेन-जेड पुस्ताको आवाज, स्वदेशवादको दर्शन र जनताको आकांक्षा मिलेर नेपाललाई संघीय, समृद्ध र पूर्णतः पारदर्शी भविष्यतर्फ डोऱ्याउँदैछ। अबको राजनीति सत्ता होइन, यो सेवा, निष्ठा र राष्ट्रप्रतिको प्रतिबद्धताको राजनीति हो। यो आन्दोलन केवल असन्तोषको ज्वाला होइन - यो नेपालको आत्मजागरण र राजनीतिक पुनर्जागरणको शंखघोष हो, जसले दशकौंको निराशालाई आशामा, अस्थिरतालाई स्थायित्वमा र परनिर्भरतालाई आत्मनिर्भरतामा बदल्ने ऐतिहासिक संकल्प बोकेको छ। जेन-जेड को आन्दोलन केवल सडकमा आन्दोलन मात्र होइन। यो नेपालको सोच्ने तरिकामा आएको एउटा ठूलो परिवर्तन हो । यो आन्दोलनले दशकौं देखि चलिआएको निराशालाई आशामा र परनिर्भरतालाई आत्मनिर्भरतामा परिणत गर्ने ऐतिहासिक मौका प्रदान गरेको छ। अब कोसेढुङ्गा नयाँ पुस्ताको हातमा छ।

# निर्वाचन सुरक्षा तयारी:
# तीनै सुरक्षा निकायका सवारीसाधन खरिद अन्तिम चरणमा




काठमाण्डु । आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण, भयरहित र स्वतन्त्र वातावरणमा सम्पन्न गर्न गृह मन्त्रालयले तीनै सुरक्षा निकायका लागि आवश्यक सवारीसाधन खरिद प्रक्रियालाई अन्तिम चरणमा पुऱ्याएको छ।

अर्थ मन्त्रालयबाट खरिद अनुमति प्राप्त भइसकेपछि सवारीसाधन खरिदको प्रक्रिया तीव्र गतिमा अघि बढाइएको गृहमन्त्रीको सचिवालयले जनाएको छ । जेनजी आन्दोलनका क्रममा पूर्ण रूपमा आगजनी भएर ध्वस्त भएका अत्यावश्यक सवारीसाधनका स्थानमा नयाँ सवारीसाधन उपलब्ध गराउन अर्थ मन्त्रालयले स्रोत उपलब्ध गराएपछि खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको हो।

गृह मन्त्रालयका अनुसार चुनावको वातावरण निर्माण तथा सुरक्षाका लागि आवश्यक सवारीसाधनको अभाव नहोस् भन्ने उद्देश्यले निर्वाचनपूर्व नै सबै सवारीसाधन खरिद गरिनेछ। अर्थ मन्त्रालयबाट नेपाल प्रहरीका लागि नियमित बजेटमार्फत १५६ सवारीसाधन खरिदका लागि रु ३५ करोड ११ लाख स्वीकृत भएको छ। अतिरिक्त १०६ सवार ीसाधन खरिद गर्न रु ४५ करोड ३० लाख थप स्रोत अनुमतिसमेत उपलब्ध भइसकेको मन्त्रालयले जनाएको छ।

नेपाल प्रहरीले चालु आर्थिक वर्षमा कुल रु ८० करोड ४१ लाख बराबरका सवारीसाधन खरिद गर्ने तयारी गरेको छ । नियमित बजेटबाट खरिद गरिने १५६ सवारीसाधनमध्ये ७५ पिकअप भ्यान (नियमित गस्तीका लागि), एउटा प्रिजनर भ्यान, २८ वटा कार्यालय प्रयोजनका सवारीसाधन, ४१ वटा विद्युतीय सवारीसाधन तथा १० वटा एस्कर्ट पिकअप भ्यान रहेका छन्।

यस्तै अर्थ मन्त्रालयले सशस्त्र प्रहरीका लागि कुल ५९ सवारीसाधन खरिद गर्न स्रोत अनुमति दिएको छ। जसअन्तर्गत तीनवटा विपद् उद्धारका सवार ीसाधन, ५० बोलेरो पिकअप भ्यान, तीनवटा दङ्गा नियन्त्रण ट्रक तथा दुईवटा एम्बुलेन्स रहेको मन्त्रालयले जनाएको छ।

यसैगरी राष्ट्रिय अनुसन्धान विभागका लागि ६ चारपाङ्गे सवारीसाधन खरिद गर्न रु दुई करोड ८० लाख स्रोत अनुमति प्राप्त भएको मन्त्रालयले जनाएको छ । जेनजी आन्दोलनका क्रममा मुलुकभर नेपाल प्रहरीका ४६५ कार्यालयमा क्षति पुगेकामा अहिले ४४९ कार्यालय मर्मत-सम्भारपछि पुनः सञ्चालनमा आइसकेका छन् । बाँकी १६ कार्यालय पनि मर्मतको अन्तिम चरणमा रहेकाले चाँडै सञ्चालनमा आउने मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाले जानकारी दिएको छ। उक्त घटनामा ५७१ विभिन्न किसिमका प्रहरी सवार ीसाधनमा क्षति पुगेको थियो।

जेनजी आन्दोलनका क्रममा सशस्त्र प्रहरी बल, नेपालका ८४ कार्यालयमा क्षति पुगेको थियो भने ६१ सवारीसाधन पूर्ण रूपमा आगजनीमा परेका गृह मन्त्रालयले जनाएको छ। राष्ट्रिय अनुसन्धान विभागअन्तर्गत दुई भवन तथा तीन जिल्ला कार्यालयका भवनमा क्षति पुगेको थियो। त्यस्तै ११ चारपाङ्गे तथा ३० मोटरसाइकलमा क्षति पुगेको थियो । महाशाखाका अनुसार यी क्षतिको अनुमानित लागत करिब रु आठ करोड ९० लाख बराबरको छ ।रासस

> जेनजी आन्दोलनका क्रममा सशस्त्र प्रहरी बल, नेपालका ८४ कार्यालयमा क्षति पुगेको थियो भने ६१ सवारीसाधन पूर्ण रूपमा आगजनीमा परेका गृह मन्त्रालयले जनाएको छ ।

# लुम्बिनी प्रदेश मन्त्रिपरिषद् बैठकका विभिन्न सात निर्णय

लुम्बिनी। लुम्बिनी प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न सातवटा निर्णय गरेको छ। बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले पेस गरेको बाधा अड्काउ फुकाउसम्बन्धी प्रस्ताव स्वीकृत गर्नेलगायत सात निर्णय गरेको हो।

भौतिक पूर्वाधार तथा विकासमन्त्री भूमिश्वर ढकालका अनुसार सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को दफा ११९ को अधिकार प्रयोग गरी प्रदेश सरकारले बाधा अड्काउ फुकुवा गर्दै निर्देशनालयले गर्नुपर्ने अत्यावश्यक कार्य निर्देशनालय गठन नभएसम्म उद्योग, पर्यटन तथा यातायात मन्त्रालयबाट सम्पादन गर्ने निर्णय गरिएको छ। उक्त मन्त्रालयकै तर्फबाट लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक प्रदेशसभामा पेस गर्न अनुमति दिने निर्णय भएको छ।

यस्तै, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले पेस गरेको प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक प्रदेशसभामा पठाउन बैठकले स्वीकृति प्रदान गरेको छ। सामाजिक विकास मन्त्रालयबाट दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक तथा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमसम्बन्धी कार्यविधि, २०८२ पनि बैठकले पारित गरेको भौतिक पूर्वाधार तथा विकासमन्त्री ढकालले जानकारी दिनुभयो।



यसैगरी भीम अस्पतालमा सरुवा भएका कन्सल्टेन्ट डेन्टल सर्जन डा वर्षा थापालाई मेडिकल सुपरिन्टेन्डेन्टको जिम्मेवारी दिने र शिवराज नगरपालिकाको हाटबजार व्यवस्थापनका लागि जग्गा प्राप्तिमा सहजीकरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।रासस

# 'जेनजी' पुस्ताले उठाएका माग सम्बोधन गर्न आवश्यक: पूर्वप्रधानमन्त्री भट्टराई




काठमाण्डु । पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले नेपालको राजनीतिमै पुनःसंरचना नभएसम्म विश्वसँग जोडिएर जान नसक्ने बताउनुभएको छ । आइतबार आयोजित प्रगतिशील लोकतान्त्रिक पार्टी बृहत् एकता घोषणासभामा उहाँले विश्वसँग जोडिएर जान 'जेनजी' पुस्ताले उठाएका माग सम्बोधन गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

देश अझै पनि सहज बाटोमा नहिँडेकोउल्लेखगर्दैपूर्वप्रधानमन्त्री भट्टराईले सहज अवस्था बनाउन सबैले सहयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले व्यक्तिको निजत्व र सामाजिक पक्ष दुवैलाई मिलाएर नवगठित प्रगतिशील लोकतान्त्रिक पार्टी अघि बढ्नुपर्ने बताउनुभयो। उक्त पार्टीका अगुवा नेता रहेका डा भट्टराईले नयाँ दलमा आफू अभिभावक भएर बस्ने र कार्यकारी भूमिकामा रहनेलाई सहयोग तथा सुझाव दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । पूर्वमन्त्री राम कार्कीले चुनाव हुँदा वा नहुँदा पनि नवगठित पार्टीको अभियान चलिरहने बताउनुभयो । शिक्षा, यातायात, कृषिलगायत सबै नीतिलाई नयाँ दलले परिवर्तन गर्न चाहेको पनि उहाँले सुनाउनुभयो।

नेता कार्कीले विचारबाट सशक्त भएर म्याद सकिएको नेतृत्वलाई प्रतिस्थापन गर्न 'जेनजी' पुस्तालाई सुझाव दिनुभयो । मार्कसिज्म भनेको आफैँप्रति आलोचक हुनु हो भन्दै उहाँले यस्तो गुण नहुनेहरू मार्क्सवादी हुन नसक्ने जिकिर गर्नुभयो । कार्यक्रममा पूर्वमन्त्री जनार्दन शर्माले दलको प्रतिबद्धता पत्र सुनाउनुभएको थियो । प्रतिबद्धता पत्रमा देशको कार्यकारी प्रमुख मातहत राष्ट्रिय विकास प्राधिकरण गठन गरिने, भ्रष्टाचारविरुद्ध महाअभियान चलाइने, बोली र व्यवहारमा एकरुपता हुनेलगायत विषय समेटिएको उहाँले जानकारी गराउनुभयो।

पूर्वमन्त्री सुदन किरातीले आफ्नो दलले कम्युनिष्ट पार्टीको खोल छोडेर गुदी बोकेर आएको बताउनुभयो। देशमा रहेका समग्र जनताको तस्बिर अब आफ्नो दलमा पाइने उहाँको भनाइ थियो। पार्टी घोषणासभाको अध्यक्षता गर्नुभएका नेता सन्तोष परियारले दलले नयाँ गतिका साथ काम गर्न चाहनेलाई समेटेर अघि बढ्ने बताउनुभयो ।रासस

# चलचित्र विधेयकमाथि सरोकार भएकाहरूबीच छलफल

काठमाण्डु । चलचित्रकर्मीहरूले चलचित्र विकास बोर्डलाई स्वतन्त्र र स्वायत्त बनाउनुपर्नेमा जोड दिनुभएको छ । राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको आइतबार बसेको बैठकमा उहाँहरूले पछिल्लो समय चलचित्र मनोरञ्जनसँगै उद्योगका रूपमा स्थापित भएकले राज्यले सोहीअनुसार प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभएको हो।

समितिमा चलचित्र विधेयक, २०२६ लाई परिमार्जन गर्न सरोकार भएकाहरूसँग सुझाव सङ्कलन गरिएको थियो। सुझाव सङ्कलनका क्रममा आइतबार चलचित्रकर्मी, निर्देशक, कलाकार, निर्मातालगायत चलचित्र उत्पादनसँग सम्बन्धित विभिन्न नौ सङ्घसंस्थाका प्रतिनिधिले बैठकमा सुझाव दिएका



हुन् । चलचित्र निर्देशक केपी पाठक, कलाकार एवं निर्माता खगेन्द्र लामिछाने, चलचित्र पत्रकार सङ्घका केन्द्रीय अध्यक्ष समिर बलामीलगायतले नेपाली चलचित्रलाई अन्य देशसँग सम्झौता गर्ने नीति अवलम्बन गर्नुपर्ने धारणा राख्नुभयो । नेपालको चलचित्र जाँचबुझ समिति(सेन्सर बोर्ड) लचिलो र सहज हुनुपर्ने उहाँहरूको माग थियो।

पत्रकार बलामीका अनुसार पछिल्लो समय चलचित्रले राज्यलाई दिने राजस्वमा वृद्धि आएको जनाउँदै चलचित्रको क्षेत्रमा राज्यको लगानी अप्राप्त रहेको बताउनुभयो।

निर्माता सङ्घका महासचिवसमेत रहनुभएका कलाकार लामिछानेले अरु देशमा उद्योग व्यवसायका लागि सम्झौता हुने गरेको उदाहरण दिँदै नेपालमा यस्तो अभ्यास हुन आवश्यक रहेकामा जोड दिनुभयो।

चलचित्र नेपाल कलाकार सङ्घका मोहन निरौलाले चलचित्र विकास बोर्ड स्वायत्त रूपमा सञ्चालन हुनेपर्ने बताउनुभयो । छलफलपछि चलचित्रसँग सम्बन्धित नौवटा संस्थाले बनाएका प्रतिवेदन सभापति तुलसाकुमारी दाहाललाई हस्तान्तरण गरेका छन्।

सभापति दाहालले आइतबार बुझाइएको प्रतिवेदनमाथि आवश्यक संशोधन गरेर सात दिनभित्र अन्तिम प्रतिवेदन बुझाउन आग्रह गर्नुभयो । उहाँले विधान समितिमा मङ्सिर ९ गतेदेखि चलचित्र विधेयक उपर दफाबार छलफल हुने जानकारी दिनुभयो। त्यसपछि राष्ट्रियसभामा विधेयक छलफल हुने बताउनुभयो।

उहाँले यसबीच सरोकार भएकासँग राय सुझाव लिएर चलचित्रको हकअधिकारसम्बन्धी विधेयक बनाउन समितिले जोड दिएको पनि बताउनुभयो ।रासस

# रातो मसी छ्याप्ने प्रयास गरिएकामा नेता बस्नेतको चिन्ता

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले)का पोलिटब्युरो सदस्य महेश बस्नेतले आफू चढेको गाडीमा आइतबार बिहान मोरङको विराटनगर विमानस्थल परिसरमा रातो मसी छ्याप्ने प्रयास भएकामा चिन्ता व्यक्त गर्नुभएको छ।

नेता बस्नेतले मसी छ्याप्ने दुई युवा अर्पित कुँवर र सञ्जोग गौतम नेपाल विद्यार्थी सङ्घमा आबद्ध भएको जानकारीमा आएको उल्लेख गर्दै उक्त घटना लोकतान्त्रिक मूल्यमान्यताविरुद्ध रहेको टिप्पणी गर्नुभएको छ। उहाँले सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ, "रातो मसी छ्याप्ने तथा आक्रमण गर्ने प्रयास गम्भीर र निन्दनीय छ, लोकतन्त्रमा विरोध गर्न पाइने भए पनि यो प्रयास मर्यादाविपरीत छ।"

शान्तिपूर्ण विरोध, सभा-जुलुस र देशभर स्वतन्त्र आवतजावत गर्ने अधिकार सर्वसाधारणको नैसर्गिक हक भएको बताउँदै उहाँले यस्तो किसिमको आक्रमणकारी व्यवहार कुनै पनि लोकतान्त्रिक व्यवस्थामा स्वीकार्य नहुने बताउनुभयो ।रासस

# 'जनअधिकारको रक्षा र आर्थिक समृद्धिको मार्गलाई फराकिलो बनाउन लाग्छौँ'

कैलाली। नेपाली कम्युनिष्ट पार्टीका नेता डा भीम रावलले जनअधिकारको रक्षा र आर्थिक समृद्धिको मार्गलाई फराकिलो बनाउन आफ्नो पार्टीले अग्रमोर्चामा रहेर काम गर्ने बताउनुभएको छ।

यही मङ्सिर १२ गते धनगढीमा हुने उक्त पार्टीको सन्देश सभाबारे जानकारी दिन यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले देशमा उत्पन्न विषम परिस्थितिबाट राष्ट्रलाई बाहिर ल्याउने आवश्यकता बोध गरी आफूहरू एक ठाउँमा आएको बताउनुभयो। नेता रावलले पार्टी एकीकरणको सन्देश देशव्यापी रूपमा जनसमक्ष पुर्याउन पार्टीले सन्देश सभा गर्न लागेको र त्यसको सुरुआत सुदूरपश्चिमबाट हुन लागेको बताउयनुभयो। सन्देश सभाको व्यवस्थापनका लागि यहाँ रावलको संयोजकत्वमा मूल व्यवस्थापन समितिको गठन गरिएको छ। उक्त समितिले आवश्यक तयारी गरिरहेको त्यस अवसरमा जानकारी दिइयो।

प्रदेशस्तरी एकता सन्देश सभा सम्पन्न भएपछि मङ्सिर महिनाभित्र सुदूरपश्चिमका सबै जिल्ला, पालिका र वडामा समेत सभाको आयोजना गरिने जनाइएको छ ।रासस

# छ लाख गरिबलाई परिचयपत्र वितरण

काठमाण्डु । सरकारले देशका विभिन्न ४९ जिल्लाका ६ लाख १५ हजार १६१ जनालाई गरिब परिचयपत्र वितरण गरेको छ । भूमि, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सम्बन्धित जिल्लाका स्थानीय तहसँग समन्वय गरी परिचयपत्र वितरण गरेको हो।

अति गरिबलाई रातो, मध्यम गरिबलाई पहेँलो र सामान्य गरिबलाई नीलो परिचयपत्र वितरण गरेको अन्य १५ जिल्लामा पनि परिचयपत्र वितरण गर्न दुई लाख गरिबको पहिचान भएको छ। यी १५ जिल्लामा वितरणका लागि कार्ड छपाइ गरी सम्बन्धित स्थानीय तहलाई पठाएको छ । वितरणको प्रक्रिया सुरु गरिएको छ।

गरिबी न्यूनीकरण गरी गरिब जनतालाई आर्थिक रुपमा आत्मनिर्भर र सक्षम बनाउन सञ्चालित कार्यक्रम एकद्वार प्रणालीबाट सञ्चालन गर्न यो कार्डले सजिलो हुने मन्त्रालयका सहायक प्रवक्ता दामोदर वाग्लेले जानकारी दिनुभयो । परिचयपत्रका आधारमा गरिबले राज्यले प्रदान गर्ने सेवासुविधा उपलब्ध गराइने भएकाले स्थानीय तहमार्फत परिचयपत्र वितरण गरिएको हो।

गरिबीका कार्यक्रम नियमन र एकीकृत नहुँदा दोहोरोपनासहित




दुरुपयोग हुने गरेकाले स्थानीय तहले नै गरिबको पहिचान तथा कार्ड वितरणको जिम्मेवारी दिइएको हो।

यथार्थ विवरण आउने तथा वास्तविक गरिबको खोजी हुने भएकाले उनीहरुलाई सेवासुविधा तथा सहुलियत उपलब्ध गराउँदा लक्षित वर्गसम्म पुग्ने अपेक्षा राखिएको छ।

परिचयपत्र पाउने गरिबलाई आयमूलक कामका लागि सीप सिकाउनुपर्ने, शिक्षा र स्वास्थ्यको ग्यारेन्टी गर्नुपर्ने तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने कार्यलाई तीनै तहका सरकारको समन्वयमा प्राथमिकतामा राखिने छ। बाँकी रहेका १३ जिल्लामा सर्वेक्षण पूरा भएका कारण वितरण कार्य प्रक्रियामा छ। परिचयपत्र वितरण अगावै उनीहरुको घरपरिवार सर्वेक्षण गरेर गरिबको पहिचान तथा वर्गीकरण गरिएको थियो।

गरिब पहिचानका लागि विभिन्न १८ सूचकलाई आधार बनाइएको थियो। यो कार्यक्रमका लागि अहिलेसम्म करिब रु एक अर्बभन्दा बढी खर्च भइसकेको छ। गरिबी अन्त्य गर्न सरकारले २०५९ सालमा गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण समन्वय बोर्ड गठन गरेर गरिबको खोजी सुरु गरिएको थियो। विसं २०७५ देखि मन्त्रालयले यो कार्यक्रमलाई अगाडि बढाएको हो। विपन्न तथा गरिबका लागि कार्यक्रम सञ्चालन गरिएको भए पनि वर्गीकरण नहुँदा ती समुदायका लागि सञ्चालित कार्यक्रम दुरुपयोग र दोहोरोपन आएको थियो।

परिचयपत्रका आधारमा स्वास्थ्य बिमा, छात्रवृत्ति, सीपमूलक, तालिम, खाद्यसुरक्षालगायत कार्यक्रम प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ। गरिबी निवारणको कार्यक्रमले विपन्न वर्गको जीवनस्तरमा सुधार पुग्ने सहायक प्रवक्ता वाग्लेले विश्वास व्यक्त गर्नुभयो ।रासस

**RAJARSHI JANAK UNIVERSITY**
**Faculty of Science, Technology & Engineering**
**Office of the Dean**
**Janakpurdham, Dhanusha**

**Notice of Entrance Examination for Admission to: Master of Science in Environmental Science and Management (M.Sc. ESM) for the Academic Session 2025 A.D. (2082 B.S.)**

**Notice Published Date: 2082/08/08**

**The entry requirement for students in Master of Science in Environmental Science and Management (M.Sc. ESM) are:**

- Bachelor of Science in Environmental Science
- Bachelor of Science in Environment Management
- Bachelor of Science in any Stream
- Bachelor of Engineering in any Stream
- Bachelor of Forestry
- Bachelor of Agriculture
- Or Bachelor of any other Equivalent Subjects

Must have completed the above Bachelor's Degree with minimum of second division or equivalent grade from recognized institution.

**Entrance Form Details:**

- Online Entrance Application Form : Mangsir 8, 2082 to Poush 6, 2082
- Applicant can apply through www.apply.rju.edu.np
- Entrance Examination Fee: NRs. 1500|- (One Thousand Five Hundreds Only). During the time of filling up the online application form, student should pay through esewa. The deposited amount cannot be refunded.
- Campus: University Campus, Janakpurdham.
- Schedule for Entrance Examination will be published later on website (www.rju.edu.np).

**DEAN**

# एनपिएलः कुन टिम र कुन खेलाडीको कस्तो रह्यो प्रदर्शन ?

काठमाण्डु । यही मङ्सिर १ गतेदेखि सुरु भएको क्रिकेटको महाकुम्भ अर्थात् नेपाल प्रिमियर लिग (एनपिएल)अन्तर्गत आइतबार 'विश्राम दिन' । जसअनुसार आइतबार कुनै पनि खेलको तालिका छैन। कूल ३२ मध्ये आठ खेल भइसकेका छन्। विश्रामपछिको दिन अर्थात् सोमबारका लागि भने दुई खेल राखिएका छन् ।

प्रतियोगितामा हालसम्म सुदूरपश्चिम रोयल्स र विराटनगर किङ्स अविजित छन् । दुई/दुई खेल खेलेका यी टोली चार/चार अङ्कसहित क्रमशः पहिलो र दोस्रो स्थानमा छन् । तीन खेलमा एक जीतसँगै दुई अङ्क बटुलेको काठमाडौँ गोर्खाज अङ्क तालिकाको तेस्रो स्थानमा छ ।दुई/दुई खेल खेलेका लुम्बिनी लायन्स, चितवन राइनोज र कर्णाली याक्सले एक/एक खेलमा जीत दर्ता गर्दै क्रमशः चौथो, पाँचौँ र छैटौँ स्थानमा छन्। सातौँ स्थानमा रहेको जनकपुर बोल्ट्स एउटा मात्रै खेल खेलेको छ । जनकपुर अहिले अङ्कविहीन छ। अङ्क तालिकाको पुच्छारमा पोखरा एभेन्जर्स छ। पोखराले दुवै खेलमा हार बेहोरेको छ।




खेलाडीतर्फ मार्क वाटको प्रदर्शन उत्कृष्ट देखिएको छ । लुम्बिनी लायन्सविरुद्धको खेलमा विस्फोटक ब्याटिङ गर्दै कर्णालीलाई जीत दिलाएका उनले दुई वटा विकेट लिएका छन् भने दुई वटा क्याच लिएका छन्। कुशल भूर्तेलले पनि ब्याटिङ, बलिङ र फिल्डिङबाट राम्रो प्रदर्शन गरेका छन्। उनले दुई खेलमा ११२ रन बनाएका छन् भने एक विकेट लिएका छन् साथै दुई वटा क्याच आउट लिएका छन् । हर्मित सिंहले पनि ब्याटिङमार्फत ५७ रन बनाउँदै चार विकेट लिएका छन्।

**ब्याटिङमा विदेशी खेलाडी हावी**

हालसम्म भएका आठ खेलमा ब्याटिङमा विदेशी खेलाडी हावी देखिएका छन्। सबैभन्दा बढी रन बनाउने शीर्ष १० ब्याटरमा सात जना विदेशी खेलाडी छन्। कर्णालीका लागि दुई खेल खेलेका स्कट्ल्याण्डका मार्क वाटले एक शतकसहित १३० रन बनाएका छन् । उनले लुम्बिनी लायन्सविरुद्धको खेलमा ११४ रन बनाएका थिए ।

इङ्ल्याण्डका रवि बोपाराले दुई खेलमा दुई वटा अर्धशतकसहित ११८ रन बनाएका छन् भने नेपाली खेलाडी कुशल भूर्तेलले पनि दुई अर्धशतकसहित ११२ रन जोडेका छन् । भारतीय खेलाडी प्रियाङ्क पञ्चालले एक अर्धशतकसहित १०२ रन बनाएका छन् भने नेपाली खेलाडी रोहित पौडेलले ८८ रन बनाएका छन्। त्यसैगरी मार्टिन गुप्टिल र लोकेश बमले एक/एक अर्धशतकसहित समान ८६ रन जोडेका छन्। इङ्ल्याण्डका बेन चार्ल्सवर्थले पनि समान ८६ रन नै बनाएका छन् ।

**बलिङमा केसी अगाडि**

हालसम्म सबैभन्दा बढी विकेट लिनेमा काठमाडौँ गोर्खाजका कप्तान करण केसी छन्। उनी एक्लैले छ विकेट लिएका छन्। उनले सुदूरपश्चिम रोयल्सविरुद्धको खेलमा चार विकेट लिएका थिए। सुदूरपश्चिमविरुद्ध चार ओभर बलिङ गरेका उनले सात दशमलव ५० को इकोनोमीमा ३० रन खर्चिएका थिए। केसीले हालसम्म सात दशमलव ८८ इकोनोमीमा रन खर्चिएका छन्।

मिलिन्द कुमारले पाँच विकेट लिएका छन् । उनले जनकपुर बोल्ट्सविरुद्धको खेलमा तीन विकेट लिएका थिए । उक्त खेलमा चार ओभर बलिङ गर्ने क्रममा उनले तीन दशमलव ७५ को औसतमा १५ रन खर्चिए। हर्मित सिंह र मर्चेन्ट डे लांगेले हालसम्म समान चार/चार विकेट लिएका छन् । साथै रुवेन ट्रम्पप्लेमान, सन्दीप लामिछाने, स्कट लुगेलेजिन, सहाब आलम, सोमपाल कामी, हेमन्त धामी, शुभम रञ्जने, जिमी निशम, आकाश चन्दले समान तीन/तीन विकेट लिएका छन्।

**स्ट्राइक रेटमा जैब अब्बल**

चितवनका सैफ जैब स्ट्राइक रेटमा अब्बल देखिएका छन्। यद्यपि उनले दुई खेलमा जम्मा ५३ रन बनाएका छन् । उनले २३० दशमलव ४२ को स्ट्राइक रेटमा रन बनाएका छन् । दुई सयभन्दा बढी स्ट्राइक रेट हुने खेलाडीमा हर्मित सिंह, जर्ज मुन्से, मार्क वाट छन्।

आलमको किफायती बलिङ

किफायती बलिङ गर्नेमा भने नेपालका सहाब आलम अगाडि छन् । उनले प्रतिओभर चार दशमलव ७२ मात्रै दिएका छन्। उनले तीन खेलमा ११ ओभर बलिङ गरेका छन् । उनले औसतमा २२ रनमा एक विकेट लिएका छन्।

हर्मित सिंहले पनि पाँच दशमलव ३७ इकोनोमीमा किफायती बलिङ गरेका छन् । दुई खेलमा आठ ओभर बलिङ गरेका उनले ४८ रन दिएर चार विकेट हात पारेका छन्। सन्दीप लामिछानेले पनि पाँच दशमलव ५० इकोनोमीमा बलिङ गरेका छन्। लामिछानेले दुई खेलमा आठ ओभर बलिङ गर्दै ४४ रन खर्चिएका छन् भने तीन विकेट हात पारेका छन् । सबैभन्दा बढी इकोनोमी हुनेमा डि आर्की सर्ट र म्याट टेलर छन्। दुवैले प्रतिओभर औसतमा १२ रन खर्चिएका छन्।

**५९ पटक क्याच आउट**

आठ खेलमा ५९ पटक खेलाडीहरु क्याच आउट भएका छन्। यस अवधिमा कूल ४० जनाले क्याचमार्फत आउट गरेका छन्। सबैभन्दा बढी क्याच लिनेमा चार खेलाडी कुशल भूर्तेल, सन्दीप जोरा, स्कट लुगेलेजिन र मोहम्मद आदिल आलम छन् । यी खेलाडीले हालसम्म समान तीन/तीन वटा क्याच लिएका छन्।

**विराटनगरको उच्च स्कोर**

एनपिएलको जारी संस्करणमा विराटनगर किङ्सले सबैभन्दा बढी रन बनाएको छ । उसले पोखरा एभेन्जर्सविरुद्धको खेलमा २० ओभरमा छ विकेटको क्षतिमा २२० रन बनाएको थियो । त्यस्तै सबैभन्दा बढी रन बनाउने दोस्रो स्थानमा सुदूरपश्चिम रोयल्स छन् । सुदूरपश्चिमले पोखराविरुद्ध १९३ रन बनाएको थियो । त्यसैगरी, कम स्कोर बनाउनेमा काठमाडौँ गोर्खाज छ । काठमाडौँ गोर्खाज सुदूरपश्चिम रोयल्सविरुद्ध लक्ष्य पछ्याउने क्रममा ११८ मा अलआउट भएको थियो ।रासस

# एनपीएलः आज दुई खेल हुने




काठमाण्डु । दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल)को सातौँ दिन आइतबार खेल राखिएको थिएन। नेपाल क्रिकेट सङ्घले यसअघि नै सार्वजनिक गरेको खेलतालिकामा आइतबार विश्राम दिन राखिएको थियो।

सोमबार भने त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला कीर्तिपुरमा दुई खेल हुनेछन्। बिहान ११:४५ बजे हुने पहिलो खेलमा जनकपुर बोल्ट्स र विराटनगर किङ्सबीच प्रतिस्पर्धा हुँदैछ। त्यसैगरी, दोस्रो खेल दिउँसो ४:०० बजे कर्णाली याक्स र सुदूरपश्चिम रोयल्सबीच हुनेछ।

हालसम्मको अङ्कतालिकाअनुसार दुई-दुई खेल खेलेका सुदूरपश्चिम रोयल्स र विराटनगर किङ्स चार-चार अङ्कसहित पहिलो र दोस्रो स्थानमा छन्। तीन खेल खेलिसकेको काठमाडौँ गुर्खाज भने दुई अङ्क जोड्दै तेस्रो स्थानमा छ। दुईवटा खेल खेलेको पोखरा भने दुवै पराजित हुँदै पुछारमा छ।

मङ्सिर १ गतेदेखि सुरु एनपीएलमा जनकपुर बोल्ट्स, सुदूरपश्चिम रोयल्स, कर्णाली याक्स, पोखरा एभेन्जर्स, विराटनगर किङ्स, चितवन राइनोज, काठमाडौँ गुर्खाज र लुम्बिनी लायन्स गरेर आठ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्दैछन्। मङ्सिर २७ गते फाइनल हुनेछ ।रासस

# दृष्टिविहीन महिला टि-२० विश्वकपको उपाधि भारतलाई

काठमाण्डु । नेपाल पहिलो दृष्टिविहीन महिला टि-२० विश्वकप क्रिकेट प्रतियोगिताको उपाधि भारतले जितेको छ । आइतबार श्रीलङ्काको कोलम्बोमा भएको फाइनलमा नेपालले दिएको ११५ रनको लक्ष्य भारतले १२ ओभरमा पूरा गऱ्यो।

टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा पाँच विकेटको क्षतिमा ११४ रन बनाएको थियो । जवाफमा भारतले तीन विकेटको क्षतिमा ११७ रन बनायो । भारत र श्रीलङ्कामा आयोजित प्रतियोगितामा नेपाल र भारतसँगै अष्ट्रेलिया, पाकिस्तान, श्रीलङ्का र अमेरिका पनि सहभागी थिए।

फाइनलमा भारतकी फुला सेरेनले २७ बलमा ४४ रन बनाइन भने नेपालका लागि सरिता घिमिरेले ३८ बलमा ३५ रन बनाइन् ।यसप्रकारको क्रिकेटमा प्लास्टिकको 'ह्वाइट बल' प्रयोग हुन्छ । बलभित्र ' ब्यारिङ' प्रयोग गरिएको हुन्छ, जसको सहायताले ब्याटर बलको अवस्था थाहा पाउँछ । बलरले ब्याटरलाई सोधेर मात्रै बलिङ गर्नुपर्ने हुन्छ। क्रिकेटमा पनि सामान्य जस्तै ११ खेलाडी हुन्छन् । तर चार जना पूर्ण रुपमा दृष्टिबिहीन हुनुपर्ने नियम छ ।रासस



# एनपिएलमा सट्टाबाजी गर्ने कार्यमा संलग्न आठ भारतीय पक्राउ

काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) मा सट्टाबाजी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा आठ जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारत आन्द्र प्रदेश प्रकासम जिल्ला पामुर गाउँ घर भई काठमाडौँ महानगरपालिका-२६ सामाखुशी बस्ने ३१ वर्षीय राजा यदुला, ३५ वर्षीय महेश बाबु, ३० वर्षीय पण्डित श्रीनिवासुलु, २० वर्षीय सेख सोयब, ३० वर्षीय नभिन मड्डेला, ३२ वर्षीय महमद रफी सेख, १९ वर्षीय साइकुमार तम्मिसेट्टी तथा २८ वर्षीय सेखचन्द बसल रहेका उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं




प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो।

प्रतियोगितामा सहभागी भई अनलाइनमार्फत बेटाकुलर लाइभ नामक बेटिङ साइटबाट खेल हारजित हुनेगरी रकम लगानी गरी सट्टाबाजी गर्ने कार्यमा संलग्न रहेका उनीहरुलाई बल्खुबाट पक्राउ गरिएको हो।

निजहरूका साथमा फेला परेका १५ थान मोबाइलको प्रविधियुक्त अनुसन्धान गरी मुलुकी अपराधसहिंता २०७४ को दफा १२५ को उपदफा ४ बमोजिम सट्टाबाजी गर्न गराउन नहुने कसुरमा आवश्यक अनुसन्धान एवं कारबाहीका लागि जिल्ला प्रहरी परिसर पठाइएको सूचना अधिकारी आचार्यले बताउनुभयो ।रासस

# नेपाली महिला राष्ट्रिय फुटबल टोली इन्डोनेसिया प्रस्थान

काठमाण्डु । इन्डोनेसियामा आयोजना हुने फिफा टायर पहिलो त्रिपक्षीय अन्तरराष्ट्रिय महिला फुटबल प्रतियोगितामा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्न लागेको नेपाली राष्ट्रिय टोलीलाई आइतबार बिदाइ गरिएको छ। कप्तान एञ्जिला सुब्बाको नेतृत्वमा जान लागेको २२ सदस्यीय टोलीलाई अखिल नेपाल फुटबल सङ्घका महासचिव किरण राईले बिदाइ गर्नुभयो।




यही मङ्सिर १० गतेदेखि १६ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपाली टोलीले इन्डोनेसिया र चाइनिज ताइपेइको टोलीसँग प्रतिस्पर्धा गर्नेछ। प्रतियोगितामा चोटका कारण सावित्रा भण्डारी (साम्भा) र सविता रानामगर सहभागी हुने छैनन्।

महासचिव राईले भन्नुभयो, "महिला फुटबललाई अघि बढाउन क्लबमा आधारित संरचनामा लग्यौ, परिणामस्वरूप अहिले हामीसँग अहिले १० वटा टोली छन्।

हालैका केही अन्तरराष्ट्रिय खेलबाट हामी उत्कृष्ट नतिजा पाउन सक्छौं भन्ने देखिएको छ। टोलीका प्रमुख प्रशिक्षक नवीन नेउपानेले इन्जुरिका कारण साम्बाले खेल्न नपाए पनि बलियो टोलीसँगको खेलमा टोलीका अन्य सदस्यलाई प्रतिभा प्रस्तुत गर्ने मौका भएको बताउनुभयो। टोलीकी कप्तान एञ्जिला सुब्बाले यसप्रकारका प्रतियोगिताले आफूहरुलाई सहयोग पुग्ने धारणा राखिन् ।रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय बर्दिबासको २१ दिने सूचना

(सूचना प्रकाशन मिति २०८२/०८/०८)

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक, बर्दिबास शाखा**

| क्र. सं. | कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राईटरको नाम/कम्पनि तथा संचालकहरुको नाम) | ठेगाना | बाजेको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८२ कार्तिकसम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चौधरी किराना एण्ड जनेरल स्टोर (प्रो.मनोज कुमार चौधरी) | बर्दिबास न.पा.११, महोत्तरी | गंगाचौधरी | पिताः चन्देश्वर चौधरी | ब्यापार | १,५०,००,०००।- | ४,६०३९०।- | १,५४६०३९०।- | चन्देश्वर चौधरी | |
| २ | नेपाल किचेन सेन्टर (प्रो.निर्मला सिंह) | बर्दिबास न.पा.१ महोत्तरी | ससुराःमौजे महतो | पिता : बचकुन महतो पतिःसंजय कुमार सिंह | ब्यापार | ४९,००,०००।- | ३,५८,०००।- | ५२,५८,०००।- | निर्मला सिंह | |
| ३ | दिपेश इन्टरप्राईजेज (प्रो. दिपेश चौधरी) | बर्दिबास न.पा.११ महोत्तरी | चन्देश्वर चौधरी | पिताः वृज मोहनचौधरी | ब्यापार | ४०,००,०००।- | ३,४०,०००।- | ४३,४०,०००।- | चन्देश्वर चौधरी | |
| ४ | बिकाश किराना पसल (प्रो.चन्देश्वर साह सोनार) | बर्दिबास न.पा.१४ महोत्तरी | ज्ञान प्रसाद साह | पिताः राम प्रसाद साह | ब्यापार | २५,००,०००।- | ९०,०००।- | २५,९०,०००।- | चन्देश्वर साह सोनार | |
| ५ | लाल बहादुर महतो | बर्दिबास न.पा.६ किसाननगर महोत्तरी | खखन महतो | पिताः राम सुन्दर महतो | सरल कृषि | १४,००,०००।- | ७६,०००।- | १४,७६,०००।- | लालबहादुर महतो | |
| ६ | मनोज कुमार क्षेत्री | बर्दिबास न.पा.१ महोत्तरी | नर बहादुर क्षेत्री | पिताःशंकर बहादुर क्षेत्री | घरायसी | १५,००,०००।- | ६३,०००।- | १५,६३,०००।- | मनोज कुमार क्षेत्री | |
| ७ | दिलिप परियार | बर्दिबास न.पा.२ महोत्तरी | कर्ण बहादुर परियार | पिताःचतुरमान परियार | सरल कृषि | १०,००,०००।- | ४५,०००।- | १०,४५,०००।- | दिलिप परियार | |
| ८ | पुलकित महतो | बर्दिबास न.पा.९ पशुपतिनगर महोत्तरी | फौदार महतो | पिताः सुकन महतो काइरी | सरल कृषि | ५,००,०००।- | ३४,०००।- | ५,३४,०००।- | पुलकित महतो | |
| ९ | कुमार कार्की | बर्दिबास न.पा.५ माईस्थान महोत्तरी | मानबहादुर कार्की | पिताः झपटबहादुर कार्की | सरल कृषि | १०,००,०००।- | ३६,०००।- | १०,३६,०००।- | कुमार कार्की | |
| १० | रामऔतार महतो | बर्दिबास न.पा.९ पशुपतिनगर महोत्तरी | रामफलमहतो | जगदेव महतो | सरल कृषि | २०,००,०००।- | ९९,०००।- | २०,९९,०००।- | जगदेव महतो | |
| ११ | सिताराम टपरी उद्योग (प्रो.तेज प्रसाद अधिकारी) | बर्दिबास न.पा.५ महोत्तरी | बद्रिनाथ अधिकारी | पुर्ण देव अधिकारी | उद्योग | १०,००,०००।- | ५४,०००।- | १०,५४,०००।- | तेज प्रसाद अधिकारी | |
| १२ | अमृत कुमार महतो | बर्दिबास न.पा.९ पशुपतिनगर महोत्तरी | बौधु महतो | लालबिहारी महतो | सरल कृषि | ९,५०,०००।- | २२,०००।- | ९,७२,०००।- | लालबिहारी महतो | |
| १३ | केशब प्रसाद भट्टराई | बर्दिबास न.पा. ५ महोत्तरी | भबनाथ भट्टराई | जय प्रसाद भट्टराई | सरल कृषि | ८,००,०००।- | २०,०००।- | ८,२०,०००।- | केशब प्रसाद भट्टराई | |
| १४ | ललित नारायणमिश्र | बर्दिबास न.पा.१४ महोत्तरी | तेज नारायण मिश्र | भोगेन्द्र मिश्र | सरल कृषि | १०,००,०००।- | २४,०००।- | १०,२४,०००।- | ललित नारायण मिश्र | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय, जनकपुर

# अलौकिक पाकडी वृक्ष जहाँ पुग्दा शान्ति मिल्छ

तिलोत्तमा । तिलोत्तमा वडा नं ४ कि नरमाया क्षेत्री शान्त ठाउँको खोजीमा देवदहस्थित पाकरी वृक्षमा पुग्नुहुन्छ । रुपन्देहीको देवदह नगरपालिका वडा नं ८ मा रहेको पाकरी वृक्ष शान्त र मनोरम ठाउँ हो । पाकरी वृक्ष पुग्नुअघि त्यहाँका बारेमा उहाँले अरुबाट नै जानकारी पाएर त्यहाँ पुग्नुभएको हो ।

"जस्तो सुनेकी थिएँ, त्यस्तै रहेछ यो ठाउँ, सुन्दर, शान्त अनि मनै आनन्दित हुने", नरमाया भन्नुहुन्छ, "यहाँ आइपुग्दा आनन्दको आभाष पाएँ, पहिलो पटक पुग्दा नै आकर्षित भएँ त्यसैले यो ठाउँमा पटकपटक आउन मन लाग्छ ।"यस्तै, बुटवल उपमहानगरपालिका वडा नं १५ कि आरती राना पनि पाकडी वृक्षमा धेरैपटक पुग्नुभएको छ । आरती पनि सुन्दर, शान्त र मनोरम ठाउँमा रमाउन तथा मनलाई आनन्दित बनाउन त्यहाँ पुग्ने गरेको बताउनुहुन्छ । आरतीलाई पाकडी वृक्षले मोहित बनाएको छ । उहाँ भन्नुहुन्छ, "जब त्यहाँ पुगिन्छ साँच्चिकै स्वर्गमा पुगेको भान हुन्छ ।"

तिलोत्तमा वडा नं १५ निवासी हिमाल सुनार पाकडी वृक्षमा पुगेर आनन्दले बस्ने र फोटो तथा भिडियो बनाउने गर्नुहुन्छ । हिमाललाई यो ठाउँ वास्तवमै स्वर्ग लाग्छ । पाकडीका बारेमा अरुबाट थाहा पाएर त्यहाँ पुग्नुभएका हिमाललाई त्यो ठाउँमा बसेर मन अघाउँदैन ।

यस्तै पाकरी वृक्षमै भेटिनुभएकी तिलोत्तमा वडा नं ३ की अप्सरा खत्रीले पनि यहाँ आत्मसन्तुष्टिका लागि आएको बताउनुभयो । शान्त वातावरण र शीतल हरियाली भएको सो वृक्षमा तिलोत्तमा-३ कै कोमल कुँवर पनि भेटिनुभयो । उहाँ पनि शीतल र शान्त वातावरणको खोजीमा पटकपटक पुग्नुहुन्छ ।

एसियाकै सबैभन्दा ठूलो वृक्षका रुपमा लिइने यो वृक्षको ऐतिहासिक महत्व रहेकै कारण दिनहुँ सयौँ आन्तरिक पर्यटक पाकरी वृक्षमा रमाउन पुग्ने गरेका छन् । हेर्दा सुन्दर, सधैँ हरियाली, शीतलताले भरिपूर्ण पाकरी वृक्षले सबैलाई आकर्षित गरेको छ । अलौकिक विशेषताले भरिपूर्ण यो वृक्षमा बौद्धकालीन सम्बन्ध जोडिएको भन्ने पनि गरिन्छ । प्राचीन कोलीय राज्यमा होम यज्ञ गर्नका लागि प्रयोग गरिएको पावन स्थानबाट पाकरी वृक्षको उत्पत्ति भएको भन्ने स्थानीयको जन विश्वास रहेको छ ।

यो वृक्ष भगवान् गौतम बुद्धको मावली देवदह क्षेत्रमा पर्ने भएकाले यस वृक्षको फेदमा बसेर गौतम बुद्धले ध्यान गरेको मान्यता पनि छ । यी सबै कुरा बौद्ध ग्रन्थमा कहीँकतै पनि उल्लेख नभएको लुम्बिनी बौद्ध विश्वविद्यालयका प्राध्यापक इन्द्र काफ्ले बताउनुहुन्छ । देवदहको वडा नं ८ मा रहेको यो वृक्ष पूर्व-पश्चिम महेन्द्र राजमार्गको शीतलनगर चोकदेखि दुई किमी दक्षिणमा रहेको छ । यस वृक्षकाबारेमा थाहा पाउनेहरु



अवलोकनका लागि पुग्ने गरेका छन् ।

यो वृक्ष अवलोकन गर्न र यससम्बन्धी जानकारी लिन नेपालभरबाटै पर्यटक पुग्ने गरेको सहजकर्ता रुद्र पाण्डे बताउनुहुन्छ । यहाँ सामान्य मानिसदेखि विभिन्न तहमा अध्ययनरत विद्यार्थी, बुद्धिष्टहरु, अनुसन्धानकर्ता, प्रेमील जोडी र अन्य मुलुकबाट पर्यटक पुग्ने गरेको पाण्डेले जानकारी दिनुभयो । पछिल्लो समय पाकडी वृक्ष सबैको आकर्षणको केन्द्र बनेको छ । यो वृक्ष देवदहको पहिचानका रुपमा स्थापित रहेको छ ।

देवदह यसै पनि भगवान् गौतम बुद्धको मावलीका रुपमा अन्तरराष्ट्रियस्तरमै परिचित पवित्र स्थल हो । यो मात्र नभइ देवदहमा बौद्धकालीन स्थल दर्जनौं भए पनि पर्याप्त रुपमा उत्खनन हुन सकेका छैनन् । उत्खनन भए पनि कछुवाको तालमा हुन्छ । साथै प्रचारप्रसारको अभाव भएको स्वयं नगरपालिकाका जनप्रतिनिधि स्वीकारछन् । देवदहमा भवानीपुर, खयर डाँडाजस्ता बौद्धकालीन स्थल दर्जनौं छन् । तर त्यसको उचित विकास र प्रचारप्रसारको कमी छ ।

## वृक्षको विशेषता

द ट्रि अफ हेभनका उपमा पाएको यो वृक्ष ८२ फिट अग्लो अर्थात् करिब ३० मिटर उचाइ छ । झण्डै ३० मिटर परिधि भएको वृक्षले एक कट्ठा जमिन पूरै ओगटेको छ । कहिल्यै उजाड नहुने सधैँ हरियो रहिरहने यो वृक्षमा गिद्ध, बकुल्ला, चील बाजजस्ता चरा कहिल्यै बस्दैनन् । अलौकिक विशेषता रहेको यो वृक्षको फेदमा बसेर गौतम बुद्धले ध्यान गरेको मान्यता छ । यो वृक्षको जरा तथा हाँगामा विभिन्न जीवका साथै भगवान्का आकृति देखिने सहजकर्ता पाण्डेले बताउनुभयो । अर्को अनौठो कुरा यो वृक्षको नजिक हात्ति कहिल्यै पनि नगएको स्थानीय बताउँछन् ।

## वृक्षका फाइदाहरू

पाकरी वृक्ष सधैँभरि हरियो रहिरहने र यसबाट प्रशस्तै अक्सिजन पाइन्छ । यसको नजिक पुग्दा मानिसलाई सकारात्मक उर्जा मिल्छ । "हेर्दा निकै सुन्दर देखिने यस वृक्ष प्राकृतिक सौन्दर्यताले भरिपूर्ण छ । यसका साथै धार्मिक दृष्टिकोणले पनि महत्वपूर्ण छ", सहजकर्ता पाण्डेले भन्नुभयो, "मानिसहरू यहाँ आएर ध्यान गरेर आफ्नो मनलाई शान्त पार्दै स्वर्गीय आनन्द प्राप्त गर्छन् ।"

पाण्डेले वृक्ष अवलोकन गर्न पुग्ने पर्यटकका लागि वृक्षकाबारेमा जानकारी दिने गर्नुहुन्छ । सो स्थानकाबारेमा जानकारी दिन नगरपालिकाबाटै उहाँलाई खटाइएको छ । तर पाकरी वृक्षमा पुग्न भने त्यति सहज छैन । यहाँ पुग्नका लागि कहीँकतै कुनै पनि प्रकारका सूचना भेटिँदैनन् । टाढाबाट त्यहाँ पुग्दा भोकाएका तिर्खाएकालाई वरिपरि कुनै सुविधा छैन ।

पाकडी वृक्ष संरक्षण र भौतिक पूर्वाधारका लागि नगरपालिकाले हरेक आर्थिक वर्षमा बजेट विनियोजन गर्ने गरेको छ । तर जग्गा अभावमा वृक्ष वरिपरि पर्खाल लगाउने कामबाहेक अरु कुनै महत्वपूर्ण भौतिक उपलब्धि हुन नसकेको देवदह वडा नं ८ की स्थानीय बासिन्दा अनुराधा लोधले बताउनुभयो । वृक्ष संक्षणका लागि वृक्ष वरिपरि पर्खाल तथा तार लगाइएको छ भने रेखदेख र त्यहाँ पुग्ने पर्यटकका लागि पाकरी वृक्षको जानकारी दिन नगरपालिकाबाट कर्मचारी खटाइएको छ ।

ऐतिहासिक र पुरातात्त्विक महत्त्वको भएकाले कहीँकतै विनाश नहुने गरी काम गर्नुपर्दा सुस्तगतिमा काम गर्नुपर्ने बाध्यता भएको नगर प्रमुख ध्रुव खरेलले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "वृक्ष भएको जग्गा कुनै एक व्यक्तिका नाममा छ, तर उहाँले दानस्वरुप हस्तान्तरण गरिसक्नुभयो, भएको जमिन वृक्षले नै ओगटेको छ, कुनै पनि भौतिक संरचना र विकासका लागि एकल प्रयासले मात्र सम्भव नहुने रहेछ, बाटोघाटो पनि विस्तारै बनाउँदै छौँ ।"

नगर प्रमुख खरेलले वृक्ष भएको सो जग्गा सरकारलाई नै हस्तान्तरण गरे पनि जग्गा नामसारी भने नभएको प्रष्ट पार्नुभयो । वृक्षको समग्र विकास र विस्तारका लागि जग्गा कमी भएकाले थप गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो । साथै वृक्ष वरिपरिको जग्गा थप गर्ने प्रक्रियामा रहेको नगर प्रमुख खरेलको भनाइ छ ।रासस

## अलैँचीको मूल्य बढ्दा भोजपुरका किसान उत्साहित

भोजपुर । उत्पादित अलैँचीले मूल्य पाउन थालेपछि यहाँका किसान उत्साहित भएका छन् । यस वर्ष अलैँची प्रतिमन (४० किलोग्राम) रु ९८ हजारसम्ममा कारोबार भइरहेको टेम्केमैयुङ-५ चोलन्तीका किसान चक्रबहादुर विष्टले जानकारी दिनुभयो ।

केही वर्षयता अलैँचीले निरन्तर उकालो मूल्य पाउँदै आएकाले किसान खेती विस्तारमा झन् सक्रिय बनेको उहाँको भनाइ छ । यस वर्ष आफूले करिब साढे सात मन अलैँची उत्पादन गरेको उहाँले बताउनुभयो । गाउँका कतिपय किसानले अझै मूल्य बढ्ने आशामा उत्पादन बिक्री नगरी घरमै भण्डारण गरेर राखेका छन् । "गाउँघरमै अहिले अलैँची रु ९८ हजारसम्ममा कारोबार भइरहेको छ", किसान विष्टले भन्नुभयो, "कतिपय किसानले बिक्री गरिसके, केहीले भाउ अझै बढ्ला कि भनेर राखेका छन् । बजारमूल्यको प्रतीक्षा गर्दै बसेको अवस्था पनि छ ।"

टेम्केमैयुङ-५ चोलन्ती अलैँचीको राम्रो उत्पादन हुने क्षेत्रका रूपमा परिचित छ । यहाँका करिब ८०-९० घर किसानले व्यावसायिक रूपमा अलैँली खेती गर्दै आएका छन् । विगतको वर्षका तुलनामा यो क्षेत्रमा अलैँचीको उत्पादनमासमेत वृद्धि भएको अलैँची व्यावसायी महासङ्घका अध्यक्ष राजेश विष्टले बताउनुभयो ।रासस

# चितवनमा रोड टु आइपीओ एण्ड क्रेडिट रेटिगं कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

चितवन । एनआईएमबी एस क्यापिटल लिमिटेड, पायोनियर ल फर्म र केयर एज रेटिङ्गद्वारा चितवनमा रोड टु आइपीओ एण्ड क्रेडिट रेटिगं अकार्यक्रम सम्पन्न भएको छ ।

गत मंसिर ५ गते नेपलीज योंग इन्टरपेनर्स फोरम(एनवाइइएफ)को आयोजनामा रोड टु आइपीओ एण्ड क्रेडिट रेटिगं सम्पन्न भएको हो । उद्यमी व्यवसायीहरूलाई शेयर निष्कासन (आईपीओ) प्रक्रिया तथा क्रेडिट रेटिङबारे मार्गदर्शन दिने उद्देश्यका साथै सर्वसाधारणहरूमा वित्तीय साक्षरता अभिवृद्धि गने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

एनवाइइएफ चितवनका अध्यक्ष निशान पौडेलले अतिथिहरूलाई स्वागत गरेका थिए । उनले नयाँ उद्यमीका लागि क्षमता अभिवृद्धि कार्यक्रमको महत्व माथि प्रकाश पारेका थिए ।

एनआईएमबी एस क्यापिटल लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत सचिन्द्र ढुँगानाले आईपीओका लागि रणनीतिक योजना सम्बन्धी महत्वपूण वर्कशप सञ्चालन गरेका थिए । कम्पनीहरूले आईपीओका लागि कसरी तयारी गर्ने, सूचीकरणका लागि उचित योजना किन आवश्यक पर्छ, नेपालको वर्तमान आईपीओ बजार अवस्था र उद्यमीहरूले प्रायः गर्ने सामान्य गल्तीहरूबारे विस्तृत जानकारी गराएका थिए ।

पायोनियर ल फर्मका व्यवस्थापकीय साझेदार अनुपराज उप्रेतीले सार्वजनिक



निष्कासनका लागि कानुनी पक्षहरूको विस्तारमा प्रकाश पारे । सार्वजनिक निष्कासनतर्फ अघि बढ्दा कम्पनीहरूले बुझ्नैपर्ने प्रमुख कानुनी प्रावधान, नियामकीय प्रक्रिया र अनिवार्य अनुपालनाका उपायहरूबारे स्पष्ट पारेका थिए ।

यसैगरी, केयर एज रेटिङस् नेपालका प्रमुख कार्यकारी अधिकृत आनन्द प्रकाश झाले क्रेडिट रेटिङको दृष्टिकोणबारे आफ्नो प्रस्तुती दिएका थिए । कम्पनीको वित्तीय सबलता र सुशासन अभ्यासले क्रेडिट रेटिङमा कसरी ठूलो प्रभाव पर्छ र लगानीकर्ताको विश्वास तथा बजार धारणाबारे धारणा राखेका थिए । चितवनका उद्यमीहरूले यस कार्यक्रमबाट लाभ लिएको आयोजकले जनाएको छ ।

# लाइका फोटोग्राफीसहितको शायोमी १५ टि नेपालमा सार्वजनिक भयो

**टुडे समाचारदाता**

जनकपुरधाम । वैश्विक प्रविधि ब्रान्ड शायोमीले आफ्नो नयाँ शायोमी १५ टि नेपाली बजारमा ल्याएको छ ।

ल ा इ क ा - ट ्य ु न गरिएको क्यामेरा, शक्तिशाली हार्डवेयर र आकर्षक डिजाइनका कारण यस फोनलाई नेपालमा बढ्दो प्रतिस्पर्धा रहेको स्मार्टफोन बजारमा किफायती मूल्यमा उपलब्ध राम्रो विकल्पका रूपमा हेरिएको छ । शायोमी १५




टि को मुख्य आकर्षण यसको क्यामेरा प्रणाली हो, जसमा ५० मेगापिक्सेलको मुख्य सेन्सर,ओआइएस तथा एफ/१.७ अपर्चरसहित छ । यसले उज्यालोमा अत्यन्तै प्रस्ट र रंगीन तस्बिर उत्पादन गर्छ । ५० मेगापिक्सेलको २ एक्स टेलिफोटो लेन्सले पोर्ट्रेट तथा नजिकका विषयहरू राम्रोसँग कैद गर्छ भने १२ मेगापिक्सेलको अल्ट्रा-वाइडले फराकिला दृश्यहरू सहजै समेट्छ। ३२मेगापिक्सेलकोसेल्फी क्यामेराले दैनिक आवश्यकतालाई पूरा गर्छ ।

## व्यवसायीले बल्ल पाए 'अण्डा' को लागत मूल्य

चितवन । अवैध अण्डा रोकिएपछि नेपाली किसानले अण्डाको लागत मूल्य पाएका छन् । निर्वाचनका कारण भारतीय सीमाक्षेत्रमा कडाइ गरिएसँगै अवैध रूपमा छिर्ने गरेको अण्डा रोकिएको छ । यससँगै नेपालमा अण्डाको मूल्य आजबाट लागू हुनेगरी भारी वृद्धि भएको हो ।

किसानको फार्म मूल्यलाई आधार बनाएर समर्थन मूल्य जारी गर्दै आएको नेपाल लेयर्स कुखुरापालक सङ्घले जारी गरेको मूल्यसूचीमा भारी वृद्धि भएको हो । यसअनुसार अति ठूलो (एक्सएल) अण्डा प्रतिक्रेट (३० वटाको) रु पाँच सय २०, ठूलो अण्डा रु पाँच सय पाँच र मिडिएम रु चार सय ९० कायम गरिएको छ ।

सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार यसअघिको मूल्यभन्दा प्रतिक्रेट रु ५५ ले बढेको हो । उहाँका अनुसार भारतीय अण्डा सीमाबाट अवैध रूपमा छिर्न रोकिएपछि नेपाली अण्डाले लागत मूल्य पाएको हो । भारतमा भएको निर्वाचनका कारण सिमानामा कडाइ र त्यहाँको अण्डाको खपतसँगै मूल्य बढेपछि अवैध रूपमा अण्डा नेपाल भित्रन नपाएको उहाँले बताउनुभयो ।

सङ्घका सल्लाहाकार त्रिलोचन कँडेलका अनुसार भारतमा प्रतिगोटा अण्डा भारतीय रु सात दशमलब ८० मा बिकेको छ । भारतमा नै राम्रो मूल्य पाएपछि अवैध रूपमा नेपाल अण्डा भित्र्याउने प्रयाससमेत नगरिएको हो । कँडेलले भन्नुभयो, "नेपालमा भारतीय अवैध अण्डा नभित्रिँदा किसानले लागत मूल्य पाउने देखियो ।" अण्डाको लागत मूल्य नेपालमा प्रतिगोटा रु १६ दशमलब ५७ पर्न आउँछ । अहिलेको दररेटमा अण्डा बिक्री गर्दा नेपालका किसानले लागत मूल्य पाएको उहाँले बताउनुभयो ।

नेपालमा अण्डाको बजारीकरणमा जुटिरहेको सङ्घका अध्यक्ष पोखरेलले जाडो महिनामा अण्डाको खपत बढ्ने गरेको बताउनुभयो ।रासस


**नेपाल रेडक्रस सोसाइटी**
**रौतहट जिल्ला शाखा**

**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशन मिति :- २०८२।०८।०८**

नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखा अन्तर्गत सञ्चालित Drought Response Operation 2025 कार्यक्रमवाट SUBMERSIBLE BOREHOLE DRILLING & INSTALLATION कार्यका लागि सिलवन्दी बोलपत्र आह्वान गरिएकोले इच्छुक ईजाजत पत्र प्राप्त फर्म/सप्लायर्सहरु वाट निम्न शर्तहरुको अधिनमा रहि रितपुपर्वक सिलवन्दी बोलपत्र पेश गर्न यो बोलपत्र आह्वान सम्वन्धि सूचना गरिएको छ ।

१) आवधिक नवीकरण गरेको इजाजतपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, कम्तिमा आ.ब २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेतका सवै प्रतिलिपि सहित निवेदन र नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखाको नाममा राष्ट्रिय बाणिज्य बैंक गौरमा रहेको च.हि.न १२१०१००००१२५९००१ मा रु २,०००। (अक्षेरपी दुई हजार रुपैया मात्र) जम्मा गरेको भौचर वा नगद दस्तुर शाखामा तिरेको नगदि रसिद (पछि फिर्ता नहुने गरि) पेश गरेपछि बोलपत्र सम्बन्धी कागजात उपलव्ध गराईनेछ ।

२) उक्त बोलपत्र खरिदका लागि बोलपत्रमा उल्लेखित कारोवार गर्ने इजाजत प्राप्त फर्म/सप्लायर्सहरुले निवेदन संगै माथि उल्लेखित कागजात पेश गरेपछि मात्र बोलपत्र खरिद गर्न तथा पेश गर्न पाउनेछ ।

३) एक फर्म/सप्लायर्सको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म/सप्लायर्सको नाममा दर्ता गर्न पाईने छैन ।

४) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु स्पष्ट रुपमा भरि बोलपत्रदाताले प्रत्येक पानामा, कामको विवरण, प्रोप्राईटरको नाम ठेगाना फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी (लाहा छाप लगाई) खामको बाहिर फर्म/सप्लायर्सको नाम र ठेगाना खुलाई आपुर्ति कर्ता तथा सप्लायर्सले सहिछाप गरि दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिनको कार्यालय समय भित्र यस कार्यालयमा पेश गरि सक्नु पर्नेछ । सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्न सकिनेछ ।

५) पेश भएका सिलबन्दी बोलपत्रहरु बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको उपस्थितिमा बोलपत्र दर्ता मिति समाप्त भएको भोलिपल्ट (सूचना जारी भएको ८ औं दिन) दिनमा ११:०० बजे यस कार्यालयमा खोलिने छ । यदि उक्त दिन सार्बजनिक बिदा वा अन्य कारणले सोहि दिन सिलबन्दी बोलपत्र नखोलिएमा अर्को दिन खोलिनेछ । सिलबन्दी बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) सिलबन्दी बोलपत्रका साथमा कबोल गरेको रकमको २.५ प्रतिशतका दरले हुन आउने रकम अर्नेष्ट मनी बापतको रकम नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखाको नाममा राष्ट्रिय बाणिज्य बैंक गौर ब्रान्चमा रहेको च.हि.न १२१०१००००१२५९००१ मा जम्मा गरेको बैक भौचर अथवा कम्तिमा ९० दिन मान्य अवधि भएको बैक जमानत पत्र अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ ।

७) कुनै शर्त राखिएको, म्याद नाधि आएको वा रित नपुगेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

८) सिलबन्दी बोलपत्र फाराम स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखामा सुरक्षित रहनेछ ।

९) SUBMERSIBLE BOREHOLE DRILLING & INSTALLATION कार्य बौधिमाई तथा ईश्नाथ नगरपालिकामा गर्नु पर्नेछ ।

१०) दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको दररेट लाई मान्यता दिईनेछ ।

११) यस कार्यालयवाट फर्म/सप्लायर्सलाई भुक्तानी गरिने रकम बाटै नियमानुसारको अग्रीम कर कट्टि गरि रकम भुक्तानी गरिनेछ ।

१२) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु नेपाल रेडक्रस सोसाइटीको खरिद नियमावली अनुसार हुनेछ ।

विस्तृत जानकारीको लागि

**नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखा गौर, फोन नं :०५५-५२०१४१**



**कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८२/०८/०८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीहरुले लघुउद्यम कर्जा अन्तर्गत लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने एवं ऋणी तथा सम्बन्धित पक्षबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| ऋणीको नाम, ठेगाना | |
|---|---|
| **१. नाम : मनबतिया देवी**<br>ना.प्र.नं. ३२२०८१/१३२, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६८/०७/०२<br>पतिको नाम : धनेश्वर चौधरी<br>ससुराको नाम : महजर चौधरी<br>ठेगाना : रौतहट जिल्ला, सिम्राभवीपुर वडा नं. ४<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ | **२. नाम : देवऋषि कुमारी**<br>ना.प्र.नं. ९६४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०५७/१०/२४<br>पतिको नाम : कृष्णमंगल चौधरी<br>ससुराको नाम : कनन चौधरी<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. ९<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ |
| **३. नाम : भोतिया देवी**<br>ना.प्र.नं. २७९४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/०३/०६<br>पतिको नाम : विजय चौधरी<br>ससुराको नाम : देवनारायण चौधरी<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रनिगाहपुर वडा नं. ९<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ | **४. नाम : राजदेवी चौधरी**<br>ना.प्र.नं. ३२३०८१/९७५, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/२०<br>पतिको नाम : पहलादी चौधरी<br>ससुराको नाम : भगलु चौधरी<br>ठेगाना : रौतहट जिल्ला, जुडिबेला वडा नं. २<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ |
| **५. नाम : नितु कुमारी**<br>ना.प्र.नं. ३२-०२-७४-०४१८१, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७४/०८/१४<br>पतिको नाम : बालकिशोर चौधरी<br>ससुराको नाम : रामजी चौधरी<br>ठेगाना : रौतहट जिल्ला, कनकपुर वडा नं. १<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ | **६. नाम : सरिता घर्ति**<br>ना.प्र.नं. ३१५५, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४६/०३/१२<br>पतिको नाम : खड्ग बहादुर घर्ति<br>ससुराको नाम : काम सिहं घर्ति<br>ठेगाना : सर्लाही जिल्ला, बयलवास वडा नं. ७<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ |
| **७. नाम : श्याम वति चौधरी**<br>ना.प्र.नं. ३२२०८४/३५७२, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७१/२/६<br>पतिको नाम : दिपेश चौधरी<br>ससुराको नाम : राजेन्द्र चौधरी<br>ठेगाना : रौतहट जिल्ला, सन्तपुर (म) वडा नं. ८<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ | **८. नाम : सिता माया माझी**<br>ना.प्र.नं. ३२२०८१/२७०, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६८/११/१२<br>पतिको नाम : जंग दहादुर कुश्वार<br>ससुराको नाम : बम बहादुर कुश्वार<br>ठेगाना : सर्लाही जिल्ला, पथरकोट वडा नं. ९<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ |
| **९. नाम : सविता देवि चौधरी**<br>ना.प्र.नं. २६२२, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६०/१२/९<br>पतिको नाम : लक्ष्मण चौधरी<br>ससुराको नाम : राजेश्वर चौधरी<br>ठेगाना : रौतहट जिल्ला, इश्वरपुर नं. ६<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ | **१०. नाम : सनिता कुमारी**<br>ना.प्र.नं. ३२-०२-७४-०३७०४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७४/०७/२३<br>पतिको नाम : रबिन्द्र साह<br>ससुराको नाम : धिरज साह कानु<br>ठेगाना : रौतहट जिल्ला, माघोपुर वडा नं. २<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ |
| **११. नाम : रामवती कुमारी चौधरी**<br>ना.प्र.नं. ५८५, जि.प्र.का. रौतहट<br>जारी मिति : २०५४/०५/०५<br>पतिको नाम : सुवाई चौधरी<br>ससुराको नाम : रामचलितर चौधरी<br>ठेगाना : रौतहट जिल्ला, सि.म. वडा नं. ४<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ | **१२. नाम : नितु देवी चौधरी**<br>ना.प्र.नं. ३२२०८१/२१९, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६५/४/२९<br>पतिको नाम : दिनेश चौधरी<br>ससुराको नाम : भागवत चौधरी<br>ठेगाना : रौतहट जिल्ला, डुमरिया वडा नं. ५<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ |
| **१३. नाम : उषा कुमारी चौधरी**<br>ना.प्र.नं. ३२३०८१/६११, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/१२/११<br>पतिको नाम : नागरिकता चौधरी, ससुराको नाम : हरी नारायण चौधरी<br>ठेगाना : बारा जिल्ला, निजगढ वडा नं. ८, हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : चन्द्रनिगाहपुर, रौतहट, फोन नं. ०५५-५४०७५९
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# मधेशमा थपिए १ लाख बढी नयाँ मतदाता

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा चुनावका लागि सम्पन्न मतदाता नामावलीमा मधेश प्रदेशमा एक लाखभन्दा बढीले नाम समावेश गराएका छन् ।

मधेश प्रदेशको ८ वटै जिल्लामा रहेको निर्वाचन कार्यालयमा १ लाख १ सय ८५ जना नयाँ मतदाताले मतदाता परिचयपत्रका लागि फोटो खिचाएको मधेश प्रदेशको निर्वाचन कार्यालय जनकपुरधामका कम्प्युटर अधिकृत कृष्ण राउतले जानकारी दिएका छन् ।

धनुषामा मात्रै १४ हजार १ सय २० जनाले मतदाता परिचयपत्रका लागि फोटो खिचाएका छन् जसमा ७ हजार ८ सय ८९ पुरुष तथा ६ हजार २ सय ३१ महिला रहेका छन् । यसै गरि राष्ट्रिय परिचयपत्रको आधारमा धनुषामा विवरण भर्नेहरूको स‌ट्या २० हजार ८ सय ९९ रहेको छ । जसमा विदेशमा रहेका युवाहरूको स‌ट्या बढी रहेको अनुमान गरिएको छ । राष्ट्रिय परिचयपत्रको आधारमा फोटो खिचाउनेहरूको स‌ट्या अझै १ लाख हुने अनुमान गर्न सकिन्छ ।

यस्तै सिरहामा ११ हजार ४३७ नयाँ मतदाता थपिएका छन् । जिल्ला निर्वाचन कार्यालय सिरहाका अनुसार सो कार्यालयबाट नौ हजार १३७ र राष्ट्रिय परिचयपत्रको माध्यमबाट दुई हजार २९० जनाले नाम दर्ता गराएका हुन् ।

त्यस्तै रौतहटमा १६ हजार ८७७ जना नयाँ मतदाताले नाम दर्ता गराएको छ । राष्ट्रिय परिचयपत्र मार्फत प्राप्त आबेदन संख्या १० हजार १७८ पुगेको छ । राउतका अनुसार अन्य जिल्लाको विवरण आउन बांकी रहेको छ ।

अगामी फागुन २१ गतेको प्रतिनिधि सभा चुनावका लागि फोटो खिचाउने तथा राष्ट्रिय परिचयपत्रको आधारमा विवरण भर्नेमा अधिकांश युवा पुस्ताका मतदाताहरू रहेका छन् । विशेषगरी देश बाहिर रहेका व्यक्तिले राष्ट्रिय परिचयपत्रको आधारमा फोटो खिचाएका छन् ।

मधेश प्रदेश त्यसमा पनि धनुषा जिल्लाबाट ठूलो स‌ट्याका युवाहरू वैदेशिक रोजगारीमा गएका कारणले विदेशबाट नै राष्ट्रिय परिचयपत्रको आधारमा मतदाता नामावलीमा नाम समावेश गर्नका लागि विवरण भर्नेहरूको स‌ट्या उल्लेख्य हुने अनुमान गरिइएको छ ।

# स्वास्थ्य नीति बनाउन सुझाव

**मधेश प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा जनकपुरधाममा आइतवार सम्पन्न तीन दिवसीय वार्षिक समीक्षा कार्यक्रममा मुख्यमन्त्री यादवले स्वास्थ्य नीति आभावमा स्वास्थ्य समस्या बढदै गएको हो, सो नीति बनाउन विज्ञहरुलाई अघि बढन सुझाव दिदैं प्रदेश सरकारबाट पूर्ण साथ र सहयोग रहने प्रतिबद्धता जनाए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले प्रदेशको समग्र स्वास्थ्य अवस्थाको सुधारका लागि विज्ञहरुको सुझावमा स्वास्थ्य नीति बनाउनुपर्ने आवश्यकता औंल्याएका छन् ।

मधेश प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा जनकपुरधाममा आइतवार सम्पन्न तीन दिवसीय वार्षिक समीक्षा कार्यक्रममा मुख्यमन्त्री यादवले स्वास्थ्य नीति आभावमा स्वास्थ्य समस्या बढदै गएको हो, सो नीति बनाउन विज्ञहरुलाई अघि बढन सुझाव दिदैं प्रदेश सरकारबाट पूर्ण साथ र सहयोग रहने प्रतिबद्धता जनाए ।

उनले स्वास्थ्य क्षेत्रको विकास तथा सुधारका लागि तीनै तहको सरकारका बीचमा सहकार्य आवश्यक रहेको बताउँदै मधेश प्रदेशमै उत्कृष्ट तथा नमूना स्वास्थ्य कार्यक्रम सञ्चालन गरेका पालिकालाई सम्मान गर्न पाएकोमा खुशी व्यक्त गरे ।

स्वास्थ्य निर्देशक सरोजचन्द्र न्यौपानेको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा प्रदेशका १३६ औं पालिका मध्ये उत्कृष्ट स्वास्थ्यको कार्यक्रम सञ्चालन गरेर प्रथम स्थान प्राप्त सर्लाहीको लालबन्दी नगरपालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा



स्वास्थ्य शाखा प्रमुखलाई मुख्यमन्त्री यादवले दोसल्ला ओढाएर सम्मान पत्रसहित सम्मान गरेका थिए ।

त्यसैगरि दोस्रो स्थान प्राप्त गरेका सर्लाहीकै हरिपुर नगरपालिका र तेस्रो स्थान प्राप्त गर्ने सर्लाहीकै विष्णुपुर गाउँपालिकालाई समेत सम्मान गरिएको थियो । प्रादेशिक अस्पतालमध्ये गौर अस्पताल प्रथम, जलेश्वर अस्पताल दोस्रो तथा सिरहा अस्पताल तेस्रो स्थान प्राप्त गरेका छन् । स्वास्थ्य कार्यालयतर्फ पर्सा जिल्ला प्रथम, सर्लाही जिल्ला द्वितीय र महोत्तरी जिल्ला तृतीय स्थान प्राप्त गरेका छन् ।

त्यस्तै आयुर्वेदतर्फ पर्सा जिल्ला प्रथम, बारा द्वितीय तथा महोत्तरी तृतीय भएको छ । संस्थागत अस्पतालमा बर्दिबास अस्पताल प्रथम भएको जनाइएको छ । उत्कृष्ट गर्ने सबै स्वास्थ्य संस्थाहरुलाई पुरस्कृतसँगै दोसल्ला ओढाएर सम्मान पत्रसहित मुख्यमन्त्रीद्वारा सम्मानित गरिएको छ । सो कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य क्षेत्रका विज्ञहरू, दातृ निकायका प्रमुखहरू, स्वास्थ्य संस्थाका प्रमुखहरूको सहभागिता रहेको थियो ।

# जनकपुरधाममा माँस मदिरा प्रतिबन्ध




**टुडे समाचारदाता**

जनकपुरधाम । ऐतिहासिक धार्मिक परम्परासँग जोडिएको सीताराम विवाह पञ्चमी महोत्सव शान्त, सुरक्षित र मर्यादित रूपमा सम्पन्न गर्न जिल्ला प्रशासन कार्यालय, धनुषाले विशेष सूचना जारी गरेको छ ।

जनकपुरधाम उपमहानगरपालिकाको परिक्रमा क्षेत्र तथा परिक्रमा सडकको दायाँबायाँ क्षेत्रमा आइतवार राति १२ बजेदेखि मदिरा बिक्री-वितरण, पशुपन्छी काट्न, माछा-मासु बिक्री तथा वितरण तथा अन्य नसालु पदार्थको सेवनमा पूर्ण रूपमा एक सूचना गरी जिल्ला प्रशासन कार्यालयले प्रतिबन्ध लगाएको जनाएको छ ।

सूचनाअनुसार मिति २०८२ मंसिर ७ गते राति १२:०० बजेदेखि २०८२ मंसिर ९ गते राति १२:०० बजेसम्म उक्त प्रतिबन्ध लागू हुनेछ । सरोकारवालासँग गरिएको बैठक तथा जिल्ला सुरक्षा समितिको निर्णयअनुसार यो कदम चालिएको प्रशासनले स्पष्ट पारेको छ ।

अधिकारीहरूले सूचनाको उल्लंघन गरी प्रतिबन्धित काम गरेको पाइएमा प्रचलित कानुनअनुसार आवश्यक कारबाही गरिने चेतावनीसमेत दिएका छन् भने सर्वसाधारण, व्यवसायी तथा श्रद्धालुहरूलाई नियमको पालना गरी सहयोग गर्न आग्रह समेत गरेको छ ।

# मधेशका ५२.४ प्रतिशत महिलामा रक्तअल्पता


**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका महिलाहरूमा रक्तअल्पताको समस्या थप गम्भीर बन्दै गएको छ ।

स्वास्थ्य निर्देशनालयले एक कार्यक्रममा प्रस्तुत गरेको तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मधेशमा ५२.४ प्रतिशत महिलामा रक्तअल्पता देखिएको छ ।

निर्देशनालयका निर्देशक सरोजचन्द्र न्यौपानेले प्रस्तुत गरेको तथ्यांक अनुसार महिलामा महिनावारी गडबडी, गर्भावस्था र प्रसूति प्रक्रियामा हुने रक्तस्रावका कारण रातो रक्तकोषको कमी भइ रक्तअल्पता बढेको हो ।

गर्भवती महिलामध्ये आर्थिक वर्ष २०७८/७९ मा मात्र ४८ प्रतिशतलाई १ सय ८० दिनको आइरन चक्की दिइएको थियो । तर त्यसपछि त्यसलाई निरन्तरता नदिइएको कारण संख्या बढेर गएको तथ्यांकले पुष्टि गर्छ ।



नियमित रूपमा आइरन चक्की नखाने, खानामा पोषणयुक्त पदार्थको अभाव, गेडागुडी, सागसब्जी, फलफूल, माछा मासु जस्ता आइरनयुक्त खाना पर्याप्त नखानुजस्ता कारणले महिलामा रक्तअल्पता बढिरहेको निर्देशक न्यौपानेले बताए ।

नेपालका प्रदेशहरूमध्ये कर्णालीमा सबैभन्दा कम २१.२ प्रतिशत महिलामा रक्तअल्पता देखिएको छ भने लुम्बिनीमा यो दर ४४.४ प्रतिशत रहेको छ । मधेशमा भने लक्ष्यअनुसार रक्तअल्पता कमी गर्न चुनौती रहँदै आएको स्वास्थ्य निर्देशनालयको मूल्यांकन सो तथ्यांकमा गरिएको छ । ग्रामीण भेगका महिलामा जनचेतनाको कमी, पोषिलो खाना नपाइने अवस्था, स्वास्थ्य संस्थाले वितरण गरेको आइरन चक्की नियमित नखाइने प्रवृत्ति प्रमुख कारणका रूपमा पहिचान गरिएको छ ।

प्रदेशमा परीक्षण गरिएका पाँच वर्षमुनीका बालबालिका तथा १५-४९ वर्षका गर्भवती महिलामध्ये झण्डै ६० प्रतिशतमा रक्तअल्पताको समस्या देखिएको छ । प्रजनन क्षमताका तर गर्भवती नभएका १५-५० वर्ष उमेरका महिलामा भने यो समस्या तुलनात्मक रूपमा कम देखिएको निर्देशक न्यौपानेले बताए ।

गोष्ठीमा प्रस्तुत विवरणअनुसार मधेशमा क्षयरोग, कुष्ठरोग तथा कुपोषणको अवस्थामामा केही वर्षयता सुधार देखिएको भए पनि पोषण अभावका कारण बालबालिकामा कुपोषणको समस्या भने अझै चुनौतीपूर्ण बनेको छ ।

# माता सीतालाई १ सय ११ मीटरको चुनरी अर्पण



**टुडे समाचारदाता**

जनकपुरधाम । सीताराम विवाह पञ्चमी महोत्सवको अवसरमा जनकपुरधामस्थित ऐतिहासिक जानकी मन्दिरले १ सय ११ मिटर लामो चुनरी अर्पण गरेका छन् ।

सीताराम विवाहोत्सवको अवसरमा आयोजना गरिएको शोभा यात्रामा भारतको सुरतस्थित जीन माता ट्रस्टद्वारा पठाइएको चुनरी विधिपूर्वक नगर परिक्रमा गराउँदै माता जानकीलाई अर्पण गरिएको छ । सो शोभा यात्रामा साधुसन्त, विभिन्न संघसंस्थाका प्रतिनिधि, प्रहरी प्रशासन सहित सयौंको संख्यामा स्थानीय महिलाहरुको सहभागिता रहेको थियो ।

सीताराम गौशाला जनकपुरधामका अध्यक्ष मनोज रुंगटाले ट्रस्टद्वारा यस वर्ष पनि परम्पराअनुसार चुनरी अर्पण कार्यक्रम निरन्तरता दिइएको जानकारी दिएका छन् ।

उनका अनुसार जीन माता ट्रस्टले विभिन्न सयौं मन्दिरहरूमा चुनरी चढाउंदै आएको छ र सोही क्रममा विवाह पञ्चमी जस्ता विशेष महोत्सवमा पनि जनकपुरधामलाई प्राथमिकतामा राखि माता सीतालाई चुनरी चढाइएको हो ।

विवाह पञ्चमीको मुख्य दिन नजिकिँदै जाँदा जनकपुरधाममा धार्मिक उत्साह र भीडभमेल थप बढेको छ । जानकी मन्दिरमा चढाइएको १ सय ११ मिटर लामो चुनरीले यस वर्षको पर्वलाई थप आकर्षक बनाएको छ ।

यसैबीच विवाहपञ्चमी महोत्सवको साताव्यापी कार्यक्रम अन्तर्गत आइतवार तिलकोत्सव सम्पन्न गरिएको छ भने सोमवार मटकोर र अन्तिम दिन स्वयंवर तथा विवाहोत्सव धुमधामका साथ मनाइनेछ । यसअघि पहिलो दिन नगर दर्शन, दोश्रो दिन फुलबारी लिला, तेश्रो दिन धनुष यज्ञ सम्पन्न भइसकेको छ ।

# एकै दिनमा दुई सवारी दुर्घटना, दुईको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्व पश्चिम राजमार्ग अन्तर्गत जनकपुरधाम ढल्केवरखण्डमापर्नेधनुषाकोमिथिला नगरपालिका २ नक्टाझिझस्थित हजरा चोकमा एकै दिनमा दुई सवारी दुर्घटनामा भएको छ ।

आइतवार बिहान कारले साइकल यात्रीलाई ठक्कर दिएको छ भने त्यस लगतै अर्को स्कार्पियो पल्टिएर दुर्घटना भएको हो ।

कारले साइकल यात्रीलाई ठक्कर दिंदा साईकलमा सवार श्रीमान र श्रीमतीको मृत्यु भएको छ । मृत्यु हुनेमा मिथिला नगरपालिका १ लक्ष्मीनिवासका श्रीमती वर्ष ५५ को सुमित्रा देवी महतो र श्रीमान ६० वर्षीय राजकुमार महतो रहेको छ ।

श्रीमतीको घटनास्थलमै मृत्यू भएको छ भने दुर्घटनामा घाइते भएको श्रीमान राजकुमारको जनकपुरधामस्थित न्यूरो हस्पिटलमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

जनकपुरबाट ढल्केवर तर्फ जाँदै गरेको बागमति प्रदेश ०३१ च २०३६ नम्बरको तीव्र गतिमा रहेको कार जेव्रा क्रसिंग नजिक सडक छेउमा विपरित दिशाबाट साइकलमा गइरहेको वृद्ध दम्पतिलाई ठक्कर दिएर फिल्मी शैलीमा उडाएको थियो । सिसिटिभी फुटेजमा देखिए अनुसार, सिधै जाँदै गरेका कार साइडको लेनबाट गइरहेको क्रममा दुर्घटना भएको हो ।

घटना पश्चात ढल्केवर प्रहरीले गाड़ी चालक सर्लाही लालबन्दी ६ बश्ने वर्ष १८ का दिवस कार्कीलाई नियंत्रणमा लिई कारवाही प्रक्रिया अघि बढाइएको घनुषा प्रहरीले जनाएको छ ।

त्यस्तै त्यसको केही बेरमै प्रदेश ३–०१–०२३ च १३५५नम्बरको स्कार्पियो पल्टिएर अर्को दुर्घटना भएको छ । तीव्रगतिमा रहेको कारण सो दुर्घटना भएको र त्यसमा कुनै मानवीय क्षति नभएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# वडाध्यक्ष माओवादीबाट निस्कासित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सबैला नगरपालिका-१० का वडा अध्यक्ष राजकुमार साहलाई नेकपा (माओवादी केन्द्र) ले पार्टीबाट निस्कासन गरेको छ ।

पार्टीका वडा अध्यक्ष इसा मियाले वडा कमिटीको निर्णयमार्फत उनलाई कारबाही स्वरूप निस्कासन गरिएको हो । वडा अध्यक्ष साहले पार्टीबाट निर्वाचित जनप्रतिनिधि भएपनि जनतामाथि अनावश्यक दुःख दिएको, सेवाग्राहीसँग खुलेआम घुस लिएको लगायतका गम्भीर आरोपका आधारमा कारबाही निर्णय गरिएको वडा कमिटीले जनाएको छ ।

सो निर्णयमा वडाबाट निर्वाचित सदस्य र वडा कमिटीका पदाधिकारीहरू सहभागी रहेको माओवादी केन्द्रका नगर सचिवालय सदस्य विजय साहले जानकारी दिए ।

विजय साहका अनुसार पटक-पटक पार्टीले सचेत गराएपनि राजकुमार साहको गतिविधिमा परिवर्तन नआएपछि पार्टीले कारबाही गरेको हो । उनले भने, “म दुई दिनअघि नै पार्टीबाट राजीनामा दिएँ, पार्टीले कारबाही गरेकामा धन्यवाद छ। गलत काम गर्नेहरूको स्थान संगठनमा हुँदैन ।”

# मिथिला चित्रकला कार्यशाला सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र मैथिली विकास कोषको संयुक्त आयोजनामा ‘अन्तर्क्रिया तथा मिथिला चित्रकला कार्यशाला-२०८२’ सम्पन्न भएको छ ।

मैथिली विकास कोषको भवनमा मिथिला कला, संस्कृति तथा सिर्जनशील क्षमताको प्रवर्द्धन गर्ने उद्देश्यले संचालित सो कार्यशालाले स्थानीयदेखि राष्ट्रियस्तरसम्मका कलाकारलाई एउटा साझा मञ्चको अवसर प्रदान गरेको आयोजक संस्थाले बताएका छन् ।




सो कार्यशालामा ५० जना कलाकारले सक्रिय सहभागिता जनाउँदै मिथिला चित्रकलाका विविध शैली, प्रविधि र सांस्कृतिक अभिव्यक्तिमा अन्तरक्रिया तथा प्रदर्शन गरेका थिए । सहभागी कलाकारहरूले कार्यशालाले कलात्मक दृष्टि विस्तार गर्न र नयाँ सृजनात्मक आयाम बुझ्न सहयोग गरेको अनुभव साटासाट गरेका थिए ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीको अध्यक्षतामा सम्पन्न सो कार्यशालामा प्रमुख अतिथिको रुपमा मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोष कापडी, विशिष्ट अतिथिका रूपमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र थुम्केली, ललितकला प्रज्ञा प्रतिष्ठानका वास्तुकला तथा लोककला विभाग प्रमुख प्रदिप अधिकारी, शिल्प-हस्तकला विभाग प्रमुख अरुणा हिङ्माङ, गोपाल चौधरी, नित्यानन्द मण्डललगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

**बिजुलीको सुरक्षित प्रयोग गरौं ।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जोडो मौसममा हिटर बाल्दा कोठमा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८